
# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

# आ.व. २०८२/८३



**विगु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**लादुक, दोलखा**

## दुई शब्द

शिक्षा मानव जीवनको ज्योति मात्र होइन, समृद्ध र समतामूलक समाज निर्माणको बलियो आधारशिला पनि हो ।" समृद्ध विगु गाउँपालिका "को साझा सपनालाई साकार पार्न गुणात्मक र प्रविधिमैत्री शिक्षा आजको मुख्य आवश्यकता हो। यसै पृष्ठभूमिमा, विगु गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका शैक्षिक गतिविधिहरू, सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान र पालिकाको आन्तरिक स्रोतबाट विनियोजित बजेट कार्यान्वयनको यथार्थ ऐनाका रूपमा यो "वार्षिक शैक्षिक स्थिति प्रतिवेदन" सार्वजनिक गर्न पाउँदा हामीलाई खुसी लागेको छ।

चालू आर्थिक वर्षमा हामीले उपलब्ध सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै पालिकाभित्रको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास, र शैक्षिक प्रशासनलाई चुस्त बनाउन केन्द्रित रह्यौं। ससर्त अनुदानतर्फ प्राप्त बजेटलाई नेपाल सरकारको नीति र परिधिभित्र रही पूर्ण पारदर्शिताका साथ कार्यान्वयन गरिएको छ भने पालिकाको आन्तरिक स्रोततर्फ विनियोजित बजेटलाई स्थानीय आवश्यकताका आधारमा नवीनतम् र परिणाममुखी कार्यक्रमहरूमा परिचालन गरिएको छ।

यस अवधिमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास, सूचना प्रविधिको विस्तार, शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि, र विद्यार्थीहरूको चौतर्फी विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूलाई विशेष प्राथमिकता दिइएको छ। यद्यपि, भौगोलिक विकटता, दक्ष जनशक्तिको अभाव र स्रोतको सीमितताका बीच अपेक्षाकृत नतिजा हासिल गर्न अझै केही चुनौतीहरू हाम्रासामु विद्यमान छन्। आगामी दिनमा यी चुनौतीहरूलाई चिर्दै सरोकारवाला पक्षहरूसँगको समन्वयलाई थप मजबुत बनाइनेछ।

यो प्रतिवेदन केवल हाम्रा उपलब्धिहरूको फेरिस्त मात्र होइन, यसले आगामी दिनमा विगु गाउँपालिकाको शैक्षिक दिशा र नीति तय गर्न मार्गदर्शकको भूमिका खेल्नेछ भन्ने हाम्रो विश्वास छ।

अन्तमा, यस आर्थिक वर्षमा शैक्षिक कार्यक्रमहरू सफल रूपमा कार्यान्वयन गर्न निरन्तर मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी एवं सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरूमा हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु।

शिक्षा शाखा प्रमुख
शिक्षा, युवा तथा खेलकुद शाखा
विगु गाउँपालिका, दोलखा

# विषयसूची


क्र.सं.

१.१ पृष्ठभूमि

१.२ स्थिति प्रतिवेदनको उदेश्य

१.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

१.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू

२.१ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण (सामुदायिक, परम्परागत विद्यालय, सामुदायिक सिकाइ केन्द्र)

२.३ विद्यार्थी विवरण

२.४ भैतिक तथा पूर्वाधारको अवस्था (भवन, कक्षाकोठा, शैचालय, प्रयोगशाला, पुस्तकालय, स्कूल बस आदि

२.५ विद्यालय शिक्षाका शैक्षिक सूचकहरु

२.६ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

३.२ वजेट उपशीर्षक अनुसार वजेट तथा खर्चको अवस्था

३.३ कार्यक्रम कार्यान्वयनकामुख्य समस्या तथा चुनौती

३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

४. उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण

५. असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरु

६. अनुसूचीहरु

# परिच्छेद-१

# स्थिति प्रतिवेदनको परिचय

## १.१ पृष्ठभूमि

नेपालको वर्तमान संविधानमा प्रत्येक नेपाली नागरिकका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क बनाई शिक्षामा नागरिकको पहुँचलाई सरल, सहज र बाध्यकारी बनाइएको अवस्था विद्यमान छ । राष्ट्रलाई आवश्यक पर्ने सिपयुक्त, दक्ष, प्रातिस्पर्धी र नैतिकवान तथा राष्ट्रियताको भावनाले ओतप्रोत भएको नागरिकको उत्पादनप्रति लक्षित गरी सञ्चालन गरिने राष्ट्रिय शिक्षा प्रणालीलाई व्यक्ति, समुदायमैत्री र क्षेत्र तथा भूगोलमैत्री बनाई संविधानले व्यवस्था गरेबमोजिम गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको हक अधिकारको प्राप्तिमा सहजता होस् भन्ने हेतुले देश संघीय शासन व्यवस्थामा होमिएसँगै शिक्षा प्रणालीमा समेत पुनःसंरचित गरी तिनै तहका सरकारहरुः संघ, प्रदेश र स्थानीय तहलाई शिक्षासम्बन्धी क्षेत्राधिकारहरु संवैधानिकरुपमा नै किटान गरिएको अवस्था छ । शिक्षाको द्रुत विकास तथा आम नागरिकको अपेक्षाबमोजिम सामयिकरुपमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने कार्यमा कुनै प्रकारको सम्झौता गर्न नपरोस् भन्ने अभिप्रायकासाथ शिक्षा प्रणालीमा समेत सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अंगिकार गर्ने क्रममा संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई तथा सम्बन्धित प्रदेशले आफ्ना क्षेत्रभित्रका स्थानीय तहहरुलाई तोकिएबमोजिमको मापदण्डअनुरुप वित्तीय सहायता प्रदान, समन्वय लगायतका कार्यहरु गरिने, यस्तैगरी स्थानीय तहहरुले आफ्नो क्षेत्राधिकारभित्रको शैक्षिक विकासका लागि आन्तरिक स्रोतको अलावा संघ र प्रदेशबाट प्राप्त बजेट तथा कार्यक्रम समेतको प्रभावकारी परिचालन गरी शैक्षिक प्रणाली सञ्चाल गर्नुपर्ने व्यवस्था भएअनुरुप यस विगु गाउँपालिकामा प्राप्त शिक्षासम्बन्धी सबै कार्यक्रमहरु र पालिकाको आन्तरिक तवरबाट सञ्चालित कार्यक्रमहरु तथा समस्त शैक्षिक गतिविधिहरुलाई संबोधन गरी सरकार र सार्वजनिक निकायहरुबाट सञ्चालित गतिविधिहरुमा सुसूचित हुन पाउने नागरिकको हक अधिकारको सुनिश्चिततालाई व्यवहारमा लागु गर्ने प्रयासस्वरुप पनि यो वार्षिक स्थिति प्रतिवेदन तयार पार्नुपर्ने आवश्यकताबोध भएको हो ।

## १.२ स्थिति प्रतिवेदनको उदेश्य

- आर्थिक वर्ष २०८२-०८३ मा गाउँपालिकामा सञ्चालित शैक्षिक कार्यक्रमहरुको बारेमा जानकारी प्रदान गर्नु ।
- कार्यक्रमहरु सञ्चालनको क्रममा देखिएका समस्याहरुको विश्लेषण गरी समाधानका उपायहरु पत्ता लगाउनु ।
- सार्वजनिक निकायहरुका कामकारबाही तथा गतिविधिहरुको प्रतिवेदन प्रणालीलाई व्यवहारमा लागु गर्नु ।
- पालिकामा सञ्चालित शैक्षिक गतिविधिहरुको बारेमा स्थानीय जनसमुदायलाई सुसूचित हुने अवसर प्रदान गरी पारदर्शी शासन व्यवस्थाको प्रत्याभूति गराउनु ।

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

यो स्थिति प्रतिवेदनलाई सकेसम्म व्यवहारिक र तथ्यपरक बनाउने ध्येयले **Secondary Data** का रुपमा गाउँपालिकाका शिक्षा र लेखा शाखामा उपलब्ध विभिन्न अभिलेखहरु, विद्यालय निरीक्षणका क्रममा प्राप्त सूचना, तथ्य र तथ्याङ्क लगायतको अध्ययन गरिएको थियो भने **Primary Data** को रुपमा कार्यक्रम कार्यान्वयन र अन्य शैक्षिक गतिविधिहरुको सन्दर्भमा विद्यालयहरुका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी, स्थानीय शिक्षाप्रेमी, राजनीतिज्ञहरु लगायतका शैक्षिक सरोकारवालाहरुबाट राय सुझाव संकलन गरी तयार गरिएको हो ।

## १.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरु

यो स्थिति प्रतिवेदनलाई सकेसम्म व्यावहारिक र तथ्यपरक बनाउने प्रयासस्वरुप गाउँपालिकाका शिक्षा र लेखा शाखामा उपलब्ध विभिन्न अभिलेखहरु,गाउँ प्रोफाइल, पालिकाबाट विद्यालय र सामुदायिक अध्ययन केन्द्रहरुमा गएको विभिन्न शीर्षकगत निकासा विवरण,

अनुगमन, मूल्याङ्कनका क्रममा प्राप्त सूचना, तथ्य र तथ्याङ्कहरुको अध्ययन, **IEMIS,** विद्यालय सुधार योजना, सामाजिक परीक्षण र लेखापरीक्षणका प्रतिवेदनहरु लगायतलाई आधार बनाई यस प्रतिवेदन तयार गरिएको हो।

# परिच्छेद २

# शैक्षिक अवस्था

## २.१ साक्षरताको स्थिति

यस गाउँपालिकाको साक्षरताको स्थितिलाई हेर्दा राष्ट्रिय जनगणना, २०७८ अनुसार ५ वर्ष वा सोभन्दा माथिको साक्षरता ६८.१३ प्रतिशत रहेको देखिन्छ। जहाँ पुरुष साक्षरता ७५.९७ प्रतिशत र महिला साक्षरता ६०.८० रहेको छ।

### २.२.१ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

विद्यालय समायोजन तथा दरबन्दी मिलान गरी यस गाउँपालिका अन्तर्गत शैक्षिक सत्र, २०८३ मा सञ्चालनमा रहेका सामुदायिक तथा परम्परागत विद्यालयहरुको विवरण देहायबमोजिम छन्।

तालिका नं.-१

| क्र.सं. | विद्यालयको नाम | प्रकार | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | परम्परागत | |
| १ | गौरीशंकर आवि विगु-१ | √ | | | |
| २ | गोगनेश्वरी आवि विगु-१ | √ | | | |
| ३ | ठाडीदेउलाङ आवि विगु-१ | √ | | | |
| ४ | गौरीशङ्कर मावि विगु-१ | √ | | | |
| ५ | देउलाङ्खानी आवि विगु-२ | √ | | | |
| ६ | देवलिङ्गेश्वर मावि विगु-२ | √ | | | |
| ७ | कालिदेवी आवि विगु-३ | √ | | | |
| ८ | शारदा मावि विगु-३ | √ | | | |
| ९ | भिरमुनी आवि विगु-३ | √ | | | |
| १० | ग्याल्सुङ् आवि विगु-४ | √ | | | |
| ११ | चित्रे मावि विगु-४ | √ | | | |
| १२ | नारायणी आवि विगु-४ | √ | | | |
| १३ | लिङ्वा आवि विगु-४ | √ | | | |
| १४ | शान्ति आदर्श मावि विगु-४ | √ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | हिमालीदेवी आवि विगु-५ | √ | | | |
| १६ | हिमखण्डे भुवनेश्वरी आवि विगु-५ | √ | | | |
| १७ | देविटार मावि विगु-५ | √ | | | |
| १८ | कैलेश्वरी आवि विगु-५ | √ | | | |
| १९ | सेतिदेवी आवि विगु-५ | √ | | | |
| २० | हिमालय मावि विगु-५ | √ | | | |
| २१ | मानेडाँडा आवि विगु-६ | √ | | | |
| २२ | जन आवि-६ | √ | | | |
| २३ | थम्पू मावि विगु-६ | √ | | | |
| २४ | सरस्वती आवि विगु-७ | √ | | | |
| २५ | देउढुङ्गा आवि विगु-७ | √ | | | |
| २६ | गौरीशङ्कर मावि विगु-७ | √ | | | |
| २७ | जमुना आवि विगु-८ | √ | | | |
| २८ | कालिन्चोक मावि विगु-८ | √ | | | |
| २९ | हिमालय मावि विगु-८ | √ | | | |
| ३० | टासीछिमे गाछाल गोन्पा आवि विगु-७ | | | √ | |

### २.२.२ शिक्षकको संख्यात्मक विवरण

यस गाउँपालिकाअन्तर्गत कुनै पनि विश्वविद्यालय तथा क्याम्पस नरहेकाले विद्यालयमा कार्यरत शिक्षकहरुको संख्यात्मक विवरणलाई देहायबमोजिम तालिकीकरण गरिएको छः

**तालिका नं.-२**

**शिक्षक दरबन्दी विवरण**

| तह | दरबन्दीको किसिम | | जम्मा |
|---|---|---|---|
| | स्वीकृत | राहत | |
| प्रावि | ११६ | १३ | १२९ |
| निमावि | १४ | ८ | २२ |
| मावि (९-१०) | ८ | ९ | १७ |

| | | | |
|---|---|---|---|
| साविक उमावि (११-१२) | - | ४ | ४ |
| कुल जम्मा | १३८ | ३४ | १७२ |

२.२.३ परम्परागत विद्यालयसम्बन्धी विवरण

तालिका नं.-३

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | टाशीछिमे गाछाल गोन्पा आवि विगु-७ | ४ | | |

**२.२.४ सामुदायिक सिकाइ केन्द्रहरुको अवस्था**

यस गाउँपालिकाअन्तर्गत देहायबमोजिमका ६ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । तल तालिकाबद्ध गरिए बमोजिमका सामुदायिक सिकाइ केन्द्रहरुमध्ये देवलिङ्गेश्वर सिकाइ केन्द्र, सामुदायिक सिकाइ केन्द्र चिलङ्खा र ओराङ सामुदायिक सिकाइकेन्द्र विद्यालयमा सञ्चालित रहेको छन् भने बाँकी ३ वटा सिकाइ केन्द्रहरु समुदायस्तरमा सञ्चालित छन् । यद्यपि कुनै पनि सामुदायिक सिकाइ केन्द्रको आफ्नै कार्यालय भवन रहेको छैन साथै सामुदायिक सिकाइ केन्द्रबाट स्थानीय समुदाय अपेक्षितरुपमा लाभान्वित हुन सकेको पनि देखिँदैन ।

तालिका नं.-४

| क्र.सं. | सामुदायिक सिकाइकेन्द्रको नाम | अध्यक्षकोनाम | परिचालककोनाम |
|---|---|---|---|
| १. | देवलिङ्गेश्वर सामुदायिक सिकाइ केन्द्र लामाबगर, विगु-१ | बिमलध्वज कार्की | लक्ष्मी तामाङ |
| २. | ओराङसामुदायिक सिकाइ केन्द्र, विगु-२ | दिपेन्द्र ठकुरी | मुना तामाङ |
| ३. | लादुक सामुदायिक सिकाइ केन्द्र , विगु-४ | तारा के.सी. | रिताकुमारी प्रधान |
| ४. | सामुदायिक सिकाइ केन्द्र चिलङ्खा, विगु-५ | तिर्थबहादुर नेपाली | देविका खड्का |
| ५. | गैरीपर्वत सामुदायिक, सिकाइ केन्द्र, आलम्पू, विगु-६ | तिर्थबहादुर थामी | शेरसाङ्गूशेर्पा |
| ६. | देउढुङ्गासामुदायिक सिकाइ केन्द्र, विगु-७ | पासाङ शेर्पा | मिङ्माछोकी शेर्पा |

## २.३ विद्यार्थी विवरण

यस गाउँपालिका अन्तर्गत संस्थागत विद्यालय भएतापनि इमिस अद्यावधिक नगरेका कारण विद्यमान सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र, २०८२ मा अध्ययनरत विद्यार्थीहरुको विवरण देहायबमोजिम रहेको छः

**तालिका नं.-५**

**तहगत विद्यार्थी विवरण**

| बाविके | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १६३ | २२१ | ३८४ | ७१२ | ६१५ | १३२७ | ४६९ | ४०१ | ८७० | २६९ | १९२ | ४६१ | ६७ | ५६ | १२३ | १६८० | १४८५ | ३१६५ |

स्रोतः **IEMIS, 2082**

**तालिका नं.-६**

**कक्षागत विद्यार्थी विवरण**

| कक्षा | विद्यार्थी संख्या |
|---|---|
| बालकक्षा | ३८४ |
| १ | २६२ |
| २ | २७४ |
| ३ | २४५ |
| ४ | २६९ |
| ५ | २७७ |
| ६ | ३०६ |
| ७ | २९८ |
| ८ | २६६ |
| ९ | १९५ |
| १० | २६६ |
| ११ | ७० |
| १२ | ५३ |
| जम्मा | ३१६५ |

स्रोतः **IEMIS, 2082**

**तालिका नं.-७**

**लिङ्ग, जातजातिगत तथा शारीरिक अवस्थाको आधारमा विद्यार्थी विवरण**

यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र, २०८२ मा अध्ययनरत विद्यार्थीहरुको लिङ्ग, जातजातिगत तथा शारीरिक अवस्थाको आधारमा देहायबमोजिम विवरण प्रस्तुत गरिएको छः

| तह/कक्षा | जम्मा विद्यार्थी संख्या | महिलाको प्रतिशत | जनजातिको प्रतिशत | दलितको प्रतिशत | अपांगताको प्रतिशत |
|---|---|---|---|---|---|
| बाविके | ३८४ | ४२.४४ | ७१.०९ | ७.०३ | ० |
| कक्षा १-५ | १३२७ | ५३.६५ | ७४.७५ | ९.८७ | ०.२२ |
| कक्षा ६-८ | ८७० | ५३.९० | ७२.४१ | ७.४७ | ०.११ |
| कक्षा ९-१० | ४६१ | ५८.३५ | ७३.३१ | ६.९४ | ०.२१ |
| कक्षा ११-१२ | १२३ | ५४.४७ | ५७.७२ | ८.१३ | ० |
| जम्मा | ३१६५ | ५३.०८ | ७२.७९ | ८.३७ | ०.१५ |

स्रोतः **IEMIS, 2082**

### २.४ भैतिक पूर्वाधारको अवस्था (भवन, कक्षाकोठा, शौचालय, स्कूल बस आदि)

वि.सं. २०७२/०१/१२ र २९ गतेको महाभूकम्पले यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको भौतिक पूर्वाधार ध्वस्त भएकोमा गैरसरकारी संस्था टुकी सिविनबाट १५ ओटा र अन्य भवनहरु जिल्ला कार्यान्वयन इकाइ, दोलखाबाट पुनःनिर्मित भई हाल एकओटा आधारभूत विद्यालयहरुबाहेक सम्पूर्ण विद्यालयहरुको भवन निर्माण कार्य सम्पन्न भएका छन् भने एउटा विद्यालयको भवन भारतीय राजदूतावासको सहयोगमा निर्माण भएको छ । त्यस्तै केही विद्यालयहरुमा कक्षाकोठा अझै अपुग रहेको अवस्था पनि छ र अधिकांश विद्यालयहरुमा पर्याप्त मात्रामा कक्षाकोठा रहेको छ। पालिकाभित्रका प्रत्येक विद्यालयमा शौचालयको पहुँच पुगिसकेको छ।

### २.५.१ सिकाइ उपलब्धिसम्बन्धी विवरण

पाठ्यक्रममा निर्धारित विषयवस्तुहरुको शिक्षण पश्चात् विद्यार्थीले जे हासिल गर्दछ त्यो नै सिकाइ उपलब्धि हो । हाल कार्यान्वयनमा रहेका पाठ्यक्रमहरुमा पाठ्यक्रमको कार्यान्वयन पश्चात् विद्यार्थीले हासिल गर्नुपर्ने कक्षागत तथा विषयगत सिकाइ उपलब्धिहरु पहिला नै निर्धारण गरिएका हुन्छन् । अतः विगु गाउँपालिकाभित्रका विद्यालयहरुको शैक्षिक सत्र, २०८२ को कक्षा ५ र ८ को सिकाइ उपलब्धिको स्थितिलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

**कक्षा ५ को विद्यालयगत सिकाइ उपलब्धिः**

School Year 2082

| | | | Nepali | English | Mathematics | Science & Technology | Social Studies & Human Value Education | Health Physical & Creative Art | Hamro Bigu | Opt. English | Local Subject |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | Code | Name | Total | Total | Total | Total | Total | Total | Total | Total | Total |
| 1 | 220010002 | Thampu Secondary School | 2.55 | 2.71 | 2.25 | 2.92 | 2.87 | 3.17 | 2.94 | 0 | 0 |
| 2 | 220070001 | Saraswati Basic School | 3.4 | 3.5 | 3.9 | 3.6 | 3.5 | 3.5 | 3.9 | 0 | 0 |
| 3 | 220070002 | Deudhunga Basic School | 3.2 | 2.86 | 2.26 | 2.73 | 3 | 3.13 | 2.8 | 0 | 0 |
| 4 | 220070003 | Gaurishankar Secondary School | 3 | 2.76 | 2.96 | 3.03 | 3.29 | 3.27 | 3.25 | 0 | 0 |
| 5 | 220070004 | Tashichhime Gachhal Gumba Basic School | 2.6 | 3.12 | 2.61 | 3.36 | 3.36 | 0.24 | 0.21 | 0 | 0 |
| 6 | 220090004 | Sharda Secondary School | 3.07 | 2.56 | 2.63 | 3.07 | 3.03 | 3.28 | 2.55 | 0 | 0 |
| 7 | 220120001 | Himali Devi Basic School | 2.76 | 2.66 | 2.6 | 2.83 | 2.53 | 3.03 | 2.5 | 0 | 0 |
| 8 | 220120002 | Himalaya Secondary School | 2.77 | 1.97 | 1.94 | 2.36 | 2.39 | 2.88 | 0 | 2.25 | 0 |
| 9 | 220120003 | Devitar Secondary School | 3.33 | 2.64 | 2.66 | 2.98 | 2.89 | 3.24 | 0 | 2.86 | 0 |
| 10 | 220120007 | Himkhande Bhuvaneshwori Basic School | 3.28 | 2.96 | 3.12 | 2.88 | 3.12 | 0 | 2.96 | 0 | 0 |
| 11 | 220120009 | Setidevi Basic School | 2.31 | 2.22 | 1.88 | 2.17 | 2.37 | 2.04 | 2.28 | 0 | 0 |
| 12 | 220300002 | Kalinchwok Secondary School | 2.86 | 2.27 | 2.25 | 2.4 | 2.34 | 2.68 | 2.64 | 0 | 0 |
| 13 | 220300003 | Himalaya Secondary School | 3.44 | 3.45 | 3 | 3.42 | 3.1 | 3.62 | 3.24 | 0 | 0 |
| 14 | 220310001 | Dhungeshwori Basic School | 2.95 | 3.05 | 2.55 | 3.15 | 2.55 | 2.95 | 3.2 | 0 | 0 |
| 15 | 220310002 | Chitre  Secondary School | 3.6 | 3.08 | 3.06 | 3.08 | 3.44 | 3.4 | 3.14 | 0 | 0 |
| 16 | 220310005 | Shanti Adarsha Secondary School | 2.87 | 2.95 | 2.35 | 3.1 | 2.65 | 3.22 | 2.9 | 0 | 0 |
| 17 | 220310006 | Narayani Basic School | 3.6 | 3.66 | 3.46 | 3.6 | 3.66 | 3.6 | 3.6 | 0 | 0 |
| 18 | 220330001 | Goganeshwori Basic School | 3.8 | 3.46 | 3.8 | 3.33 | 3.66 | 3.8 | 3.8 | 0 | 0 |
| 19 | 220330002 | Thadi Deulang Basic School | 3.11 | 2.96 | 2.65 | 2.58 | 2.83 | 3.06 | 2.8 | 0 | 1.13 |
| 20 | 220330003 | Gauri Shankar Basic School | 3.1 | 3.03 | 2.6 | 3.23 | 3.1 | 3.13 | 3.03 | 0 | 0 |
| 21 | 220330006 | Gauri Shankar Secondary School | 2.99 | 2.84 | 2.6 | 2.57 | 2.80 | 2.95 | 2.79 | 0 | 0 |
| 22 | 220430001 | Dewalingeshwor Secondary School | 3.06 | 3.16 | 3.16 | 2.88 | 3.02 | 3.14 | 3.06 | 0 | 0 |
| 23 | 220430002 | Deulang Khani Basic School | 3.21 | 2.98 | 2.94 | 3.08 | 3.14 | 3.32 | 3.42 | 0 | 0 |

स्रोतः **IEMIS, 2082**

# कक्षा ८ को विद्यालयगत सिकाइ उपलब्धि

School Year 2082

| | | | Nepali | English | Mathematics | Science & Technology | Social Studies & Human Value Education | Health Physical & Creative Art | Local Subject |
|---|---|---|---|---|---|---|---|---|---|
| S.N | Code | Name | Total | Total | Total | Total | Total | Total | Total |
| 1 | 220010002 | Thampu Secondary School | 2.57 | 2.46 | 2.38 | 2.33 | 2.58 | 2.76 | 2.46 |
| 2 | 220070003 | Gaurishankar Secondary School | 3.06 | 3.05 | 2.88 | 2.64 | 2.68 | 3.23 | 3.01 |
| 3 | 220090004 | Sharda Secondary School | 3.21 | 3.17 | 3.23 | 3.39 | 3.28 | 3.37 | 3.15 |
| 4 | 220120002 | Himalaya Secondary School | 2.68 | 2.28 | 2.43 | 2.52 | 2.38 | 2.74 | 2.75 |
| 5 | 220120003 | Devitar Secondary School | 2.6 | 1.9 | 2.2 | 2.4 | 2.15 | 2.2 | 2.5 |
| 6 | 220120007 | Himkhande Bhuvaneshwori Basic School | 3.34 | 3.14 | 3.48 | 3.31 | 3.48 | 3.42 | 3.34 |
| 7 | 220300002 | Kalinchwok Secondary School | 3.07 | 2.95 | 2.61 | 3.3 | 2.91 | 3.22 | 3.37 |
| 8 | 220300003 | Himalaya Secondary School | 3.12 | 3.09 | 2.99 | 3.14 | 2.95 | 3.09 | 3.11 |
| 9 | 220310002 | Chitre  Secondary School | 3.36 | 3.13 | 3.17 | 3.24 | 3.23 | 3.63 | 3.61 |
| 10 | 220310005 | Shanti Adarsha Secondary School | 2.72 | 2.54 | 2.87 | 2.91 | 2.65 | 3.04 | 3.07 |
| 11 | 220330006 | Gauri Shankar Secondary School | 2.66 | 2.79 | 2.81 | 3.02 | 2.40 | 2.88 | 2.98 |
| 12 | 220430001 | Dewalingeshwor Secondary School | 3.41 | 3.58 | 3.46 | 3.47 | 3.76 | 3.78 | 3.6 |

स्रोत: **IEMIS, 2082**

### २.५.२ गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना र अङ्ग्रेजी माध्यममा शिक्षणसम्बन्धी विवरण

शिक्षा प्रणालीलाई व्यवस्थित रुपमा सञ्चालन गरी बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका निम्ति विद्यालय र स्थानीय तहहरुले शिक्षा सुधार योजनाहरु निर्माण गरेर कार्यान्वयन गर्नुपर्ने हुन्छ । यद्यपि यस गाउँपालिकाले आ. व. २०८३/०८४ देखि लागु हुने गरी गाउँ शिक्षा योजना निर्माण गरेको छ । विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरी गाउँ शिक्षा शाखामा पेस गर्ने गरेका छन् । तर विद्यालय सुधार योजना अधिकांश विद्यालयहरुले औपचारिकता पूरा गर्न मात्रै निर्माण गरेको जस्तो देखिन्छ । विद्यालय सुधार योजनाभित्रका दूरदृष्टि, उदेश्य, रणनीतिहरु वैध तथा व्यवहारिक र एकआपसमा तालमेल मिलेको देखिदैन । त्यस्तै, यसअघि सामुदायिक विद्यालयहरुमा आधारभूत तह (कक्षा १-३) सम्म अङ्ग्रेजी माध्यममा शिक्षण सञ्चालन गरिएकोमा शैक्षिक सत्र २०७७ देखि आधारभूत तह (कक्षा १-३) को नयाँ पाठ्यक्रम लागु भएसँगै अङ्ग्रेजी माध्यममा शिक्षण सिकाइ बन्द भएको छ ।

### २.५.३ स्थानीय तहले गरेको लगानी र उपलब्धि

विगतका आर्थिक वर्षहरुमा गाउँपालिकाले विद्यालय शिक्षाको विकासको सम्बन्धमा पालिकाभित्रका विद्यालयहरुमा विद्यमान शिक्षक दरबन्दी अभावको समस्यालाई मध्यनजर गर्दै विद्यालयहरुको लागि शिक्षण सहायता अनुदानको रुपमा गाउँपालिकाबाट रकम विनियोजन गरी सो रकमबाट विद्यालयहरुले आफ्नो आवश्यकताअनुसारको शिक्षक तथा कर्मचारी नियुक्ति गरी काममा लगाउन सकिने व्यवस्था गरेकोमा सङ्घ तथा प्रदेशबाट प्राप्त शिक्षण सहयोग अनुदानले दरबन्दी अभावको समस्यालाई समाधान गरेकोले आर्थिक वर्ष २०८२/०८३ देखि पालिकाले प्रदान गर्दै आएको शिक्षण सहायता अनुदान कटौति गरेको छ । तथापि गाउँपालिकाले आवासीय विद्यालय व्यवस्थापनका लागि अनुदान, कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान, उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने हेतुले शिक्षामा लगानी गरेको छ ।


### २.५.४ विपन्न लक्षित छात्रवृत्ति

आधारभूत तह (६-८) र माध्यमिक तहका विद्यार्थीहरुको लागि लक्षित गरिएको विपन्न लक्षित छात्रवृत्तिबाट हालसम्म सीमित विद्यालयका बालबालिका मात्र लाभान्वित हुन सकेका छन् । शैक्षिक पहुँचमा सुनिश्चितताका लागि सघाउ पुग्ने छात्रवृत्ति जस्तो महत्वपूर्ण कार्यक्रमबाट छात्रवृत्ति पाउन योग्य कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनी पालिकास्तरबाट विद्यालयका प्रधानाध्यापकहरुलाई फाराम भर्नका निम्ति सहजीकरण तथा प्रशिक्षण गर्ने गरिएको र केही विद्यालयहरुले फाराम भर्दै पनि आएका छन्, यद्यपि छात्रवृत्ति प्राप्त गर्ने प्रक्रिया झन्झटिलो हुने लगायतका विविध कारणहरु जिम्मेवार भएर हुन सक्छ, हालसम्म अधिकांश बालबालिका लाभान्वित हुन नसकेको अवस्था छ ।

## २.६ स्थानीय तहको संगठन सरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

स्थानीय तहको संगठन संरचनामा शैक्षिक जनशक्तिको अवस्थाको सम्बन्धमा अन्य गाउँपालिकामाझैं यस गाउँपालिको कार्यालयमा पनि दुईजना कर्मचारीको व्यवस्था रहेको अवस्था छ ।

**शैक्षिक जनशक्तिको संगठन संरचना**



## परिच्छेद–३

## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

### ३.१ वजेट उपशीर्षक अनुसार बजेट तथा खर्चको अवस्था

तालिका नं.-८

सङ्घीय सरकारबाट प्राप्त ससर्त बजेट तथा खर्चको अवस्था

| सि. नं. | क्रियाकलाप कोड | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | वार्षिक वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | १.१.४.१ | प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन थप अनुदान | सजहकर्ता/ कर्मचारी | ८० | १२१००००० | १०३२८९३४ | ८५.३६ |
| २. | १.१.३.३ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | शिक्षक | १५१ | ९३५०००००० | ८९७४७६३३ | ९५.९९ |
| ३. | २.७.११.१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | विद्यार्थी | १७११ | ७४२१००० | ६००२५५० | ८०.८८ |
| ४. | २.७.१३.३ | प्रतिविद्यार्थी लागतका आधारमा  सिकाइ सामग्री डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | विद्यार्थी | ३५ | ७९१००० | ७१६६५० | ९०.६० |
| ५. | १.१.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागितलब भत्ता अनुदान | शिक्षक | २१ | १५४००००० | १५३००६३७ | ९९.३५ |
| ६. | २.७.१३.१० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालय | ३० | २४२५००० | १९०२००० | ७८.४३ |
| ७. | २.७.१३.१३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहनअनुदान | विद्यालय | ३० | २५००००० | २६२७२५ | १०.५० |
| ८. | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षाकार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाकाकार्यक्रम समेत) | विद्यालय | ६ | २२५०००० | १२३०००० | ५४.६६ |
| ९. | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | विद्यार्थी | ८०५ | ८३८००० | ४५६८८९ | ५४.५२ |
| १०. | २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान | विद्यार्थी | २७१० | २३६३००० | १८५००३९ | ७८.२९ |
| ११. | ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | विद्यार्थी | ७९२ | १८२७००० | ४१४७०० | २२.६९ |
| १२. | २.७.१३.४० | माध्यमिक तह कक्षा(९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक | १७ | १०४०३००० | १०४०३००० | १०० |
| १३. | २.७.१३.४१ | आधारभूत तह कक्षा(६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक | ४ | १८८६००० | १६३७४०७ | ८६.८१ |
| १४. | २.७.१३.३०२ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | स्थानीय तह | १ | १०९९००० | ९४७९१० | ८६.२५ |
| १५. | २.७.१३.३०५ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | विद्यार्थी | ५३ | ६९३००० | ३१८००० | ४५.८८ |
| | | जम्मा | | | १५५५००००० | १४१५१९०७४ | ९१ |

**तालिका नं.-९**

**प्रदेश सरकारबाट प्राप्त ससर्त बजेट तथा खर्चको अवस्था**

| सि नं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अंग्रेजी/ गणित/ विज्ञानशिक्षणका लागि शिक्षण सहयोग अनुदान | शिक्षक | ३ | १७०४००० | ९१७४६९ | ५३.८४ |

## परिच्छेद– ४

## उपलब्धितथा कार्यक्रम विस्तृतीकरण

यस गाउँपालिकालेसंघ र प्रदेश सरकारबाट विभिन्न शीर्षकहरुअन्तर्गत प्राप्त सशर्त अनुदानको बजेट तथा गाउँपालिकाले आफ्नो स्रोतबाट बजेट विनियोजन गरी सञ्चालन गरिएकाशैक्षिक कार्यक्रमहरुको कार्यान्वयनबाट हासिल भएको उपलब्धि तथा प्रगति विवरण देहायबमोजिम रहेका छन् :

**तालिका नं.-१०**

**गाउँपालिकाको आन्तरिक स्रोतबाट विनियोजित बजेट तथा खर्चको अवस्था**

| सि नं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालबिकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी थप तलबभत्ता व्यवस्थापन अनदान | शिक्षक | ८० | ४२५०५०० | १७५९८२४ | ४१.४० |
| २ | राष्ट्रपति रनिङ शिल्ड जिल्लास्तरीय प्रतियोगिता | विद्यार्थी | ७० | ७५०००० | ७५०००० | १०० |
| ३ | राष्ट्रपति रनिङ शिल्ड पालिकास्तरीय प्रतियोगिता | पालिका | १ | ४५०००० | ४५०००० | १०० |
| ४ | विद्यालयस्तरीय परीक्षा सञ्चालन ताथ व्यवथापन | विद्यार्थी | २७८१ | ५००००० | ४६९१७६ | ९३.८४ |
| ५ | कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा भ्रमण खर्च | विद्यार्थी | ७८८ | ५००००० | ४८७३०३ | ९७.४६ |
| ६ | आवासीय विद्यालय छात्रावास विकास  कार्यक्रम | विद्यालय | ५०० | ३०००००० | २३६९०३० | ७८.९७ |
| जम्मा | | | | ९४५०५०० | ६२८५३३३ | ६६.५० |

### ३.२ कार्यक्रम कार्यान्वयनकामुख्य समस्या तथा चुनौतीहरु

माथि उल्लिखित सङ्घ र प्रदेश सरकारबाट प्राप्त तथा स्थानीय तहको आन्तरिक स्रोतबाट विनियोजित कार्यक्रमहरुको कार्यान्वयनको क्रममा सामना गर्नुपरेको मुख्य समस्याहरु देहायबमोजिम उल्लिखित छन्:

- कार्यक्रम कार्यान्वयमा पारदर्शिताको कमि, कार्यक्रम प्राप्त विद्यालयले विव्यसका सबै पदाधिकारी र स्टाफहरुबीच पर्याप्त छलफल नगर्ने भन्ने गुनासो।
- निर्णयसँग सम्बन्धित समितिहरु (पालिका र विद्यालय दुवै) को बैठक समयमै नबस्नु।
- शिक्षण सहायता अनुदानको कार्यान्वयनका लागि अध्यापन अनुमति प्राप्त शिक्षकहरुबाट उम्मेद्वारी नपर्नु।
- दिवा खाजालाई खाद्यटोकरी बनाई सो अनुसार कार्यान्वयन गर्ने कार्यमा प्रधानाध्यापक र शिक्षकहरुमा चासो र लगाव व्यवहारको कमि, अभिभावकले बालबालिकालाई बनाएर पठाएको खाजाको गुणस्तर अवलोकन गरी सुझाव दिने परिपाटीको कमि।
- विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आई.सि.टि. व्यवस्थापन लगायतका कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयको वास्तविक आवश्यकतामा आधारित बनाउन सरोकारवाहरुसँग पर्याप्त छलफल गर्ने संस्कारको अभाव।
- विद्यालयको भौतिक पूर्वाधार निर्माणअन्तर्गतका कार्यक्रमहरुमा प्राप्त बजेट न्यून हुनु।
- पालिकाबाट आयोजना गरेका प्रशिक्षण कार्यक्रमहरुमा शतप्रतिशत शिक्षक उपस्थित नहुनु, सो कार्यमा प्रधानाध्यापक र शिक्षकले आफ्नो दायित्वबोध पूर्णरुपमा नगर्नु।

### ३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

- दिवा खाजाको रकम बढाउनुपर्ने, विद्यालयमै खाजा निर्माण गरी खाद्यटोकरी अनुसारको खाजा बनाई गुणस्तर सुनिश्चित गर्नुपर्ने।
- भौतिक पूर्वाधार निर्माण लगायतको लागत बढेको हुँदा बजेट वृद्धि गर्नुपर्ने।
- निर्णय सम्बद्ध समितिहरुको बैठक बस्न ढिलाइ नगर्ने, सहभागितामूलक निर्णय गरी पारदर्शिताको प्रवर्द्धन गर्ने।
- शिक्षण सहायता अनुदानको कार्यान्वयन गर्दा गाउँ शिक्षा समितिले निर्णय गरी अध्यापन अनुमति नभएको शिक्षकलाई समेत दक्षताको परीक्षण गर्ने करारमा नियुक्ति गरी तत्कालीन समस्यालाई निकासा दिने व्यवस्था गर्नुपर्ने आदि।

### क) शिक्षक दरबन्दी मिलानको प्रगति विवरण

यस गाउँपालिकाका बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउनका निम्ति पालिकाभित्र उपलब्ध शिक्षकहरुको दक्षताको अधिकतम् उपयोग गर्ने तथा सञ्चालनरत माध्यमिक विद्यालयहरुमा विद्यमान तहगत र विषयगत शिक्षक दरबन्दीको अपुग संख्याको मात्रा गणना गरी आवश्यक थप दरबन्दी परिपूर्तिका लागि सङ्घीय तथा प्रदेश सरकारमा माग गरिनुकासाथै विद्यार्थी सङ्ख्या कम भएका विद्यालय र तत्काललाई माध्यमिक तहमा शिक्षक अभावको समस्यालाई कम गर्ने उदेश्यका साथ शैक्षिक सत्र, २०८१ देखि २०८३ सम्ममा देहायबमोजिम दरबन्दी मिलान गरियोः

### १) शैक्षिक सत्र, २०८१ मा गरिएको शिक्षक दरबन्दी मिलानको प्रगति विवरण

| क्र.सं. | दरबन्दी घटाइएको विद्यालयको नाम, ठेगाना | दरबन्दी थप गरिएको विद्यालयको नाम, ठेगाना | दरबन्दी घटाइएको विद्यालयबाट थप गरिएको विद्यालयमा खटाइएको शिक्षकको नाम, थर | तह/श्रेणी | दरबन्दीको किसिम | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १. | ठोडठङ प्रावि विगु-१ | ठाडीदेउलाङ आवि विगु-१ | सुरेन्द्रराज बुढाथोकी | प्रा./तृतीय | स्वीकृत | स्थायी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | ठाडीदेउलाङ आवि विगु-१ | गौरीशङ्कर मावि विगु-१ | कृष्ण आचार्य | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ३. | ठाडीदेउलाङ आवि विगु-१ | गौरीशङ्कर मावि विगु-१ | ऋषिराज आचार्य | प्रा./द्वितीय | स्वीकृत | स्थायी |
| ४. | गौँगरडाँडा प्रावि विगु-१ | ठाडीदेउलाङ आवि विगु-१ | राम पाख्रिन | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ५. | देउढुङ्गा प्रावि विगु-१ | गौँगरडाँडा प्रावि विगु-१ | सुरेन्द्रकुमार यादव | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ६. | गोगनेश्वरी प्रावि विगु-१ | टाशिछिमे गाछल गुम्बा आवि विगु-७ | खड्गबहादुर जोशी | प्रा./प्रथम | स्वीकृत | स्थायी |
| ७. | गौरीशङ्कर मावि विगु-१ | गोगनेश्वरी प्रावि विगु-१ | अमृत आचार्य | प्रा./द्वितीय | स्वीकृत | स्थायी |
| ८. | बुलुङखानी प्रावि विगु-३ | शारदा मावि विगु-३ | प्रदिप ठकुरी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ९. | कालीदेवी प्रावि विगु-३ | शारदा मावि विगु-३ | सजिता तामाङ | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| १०. | ग्यालसुङ प्रावि विगु-४ | चित्रे मावि विगु-४ | हिममञ्जरी दाहाल | प्रा. | राहत | करार |
| ११. | ढुङ्गेश्वरी प्रावि विगु-४ | चित्रे मावि विगु-४ | सिर्जना केसी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| १२ | हिमालीदेवी प्रावि विगु-५ | हिमखण्डे भुवनेश्वरी आवि विगु-५ | ललिताकुमारी महतो | प्रा. | राहत | करार |
| १३. | जनता प्रावि विगु-५ | देवीटार मावि विगु-५ | धनिराम अधिकारी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| १४. | सरस्वती प्रावि विगु-५ | देवीटार मावि विगु-५ | कृष्णबहादुर खत्री | प्रा./द्वितीय | स्वीकृत | स्थायी |
| १५. | मानेडाँडा प्रावि विगु-६ | गौरीशङ्कर मावि विगु-७ | कविता श्रेष्ठ | प्रा. | राहत | करार |

## २) शैक्षिक सत्र, २०८२ मा गरिएको शिक्षक दरबन्दी मिलानको प्रगति विवरण

| क्र.सं. | हाल कार्यरत विद्यालयको नाम, ठेगाना | काजमा खटाइएको विद्यालयको नाम, ठेगाना | काजमा खटाइएको शिक्षकको नाम, थर | तह/श्रेणी | दरबन्दीको किसिम | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १. | गौँगरडाँडा प्रावि विगु-१ | गौरीशङ्कर मावि विगु-१ | सुरेन्द्रकुमार यादव | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| २. | बुलुङखानी प्रावि विगु-३ | शारदा मावि विगु-३ | तुलसी श्रेष्ठ | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ३. | बुलुङखानी प्रावि विगु-३ | शान्ति आदर्श मावि विगु-४ | गीता पाठक | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ४. | बुलुङखानी प्रावि विगु-३ | शारदा मावि विगु-३ | पास्किमा शेर्पा | का.स. | अनुदान | करार |
| ५. | कालीदेवी प्रावि विगु-३ | शारदा मावि विगु-३ | रामजी वि.क. | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ६. | भिरमुनी प्रावि विगु-३ | शारदा मावि विगु-३ | सृजना खड्का | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ७. | ग्यालसुङ प्रावि विगु-४ | चित्रे मावि विगु-४ | नारायणबहादुर खड्का | प्रा./द्वितीय | स्वीकृत | स्थायी |
| ८. | ग्यालसुङ प्रावि विगु-४ | शारदा मावि विगु-३ | विमल गिरी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ९. | ग्यालसुङ प्रावि विगु-४ | भिरमुनी प्रावि विगु-३ | नविना अर्याल | बाविके | अनुदान | करार |
| १०. | ग्यालसुङ प्रावि विगु-४ | चित्रे मावि विगु-४ | शान्ति नेपाली | का.. | अनुदान | करार |
| ११. | सरस्वती प्रावि विगु-५ | हिमालय मावि विगु-५ | कृष्णबहादुर खत्री | प्रा./द्वितीय | स्वीकृत | स्थायी |
| १२ | सरस्वती प्रावि विगु-५ | कैलेश्वरी प्रावि विगु-५ | जयबहादुर सार्की | प्रा./तृतीय | स्वीकृत | स्वीकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३. | चिर्कुनथान प्रावि विगु-५ | देवीटार मावि विगु-५ | कविता चौलागाईँ | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| १४. | चिर्कुनथान प्रावि विगु-५ | जनता प्रावि विगु-५ | मनुका खड्का | बाविके | गा.पा. अ. | करार |
| १५. | चिर्कुनथान प्रावि विगु-५ | हिमालय मावि विगु-५ | सविना फुयाल | का.स. | अनुदान | करार |
| १६. | कैलेश्वरी प्रावि विगु-५ | हिमालय मावि विगु-८ | राजेन्द्र रसाइली | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| १७. | मानेडाँडा प्रावि विगु-६ | टाशिछिमे गाछल गुम्बा आवि विगु-७ | भविन्द्र वि.क. | प्रा. | राहत | करार |
| १८. | मानेडाँडा प्रावि विगु-६ | टाशिछिमे गाछल गुम्बा आवि विगु-७ | शर्मिला वि.क. | का.स. | अनुदान | करार |
| १९. | मानेडाँडा प्रावि विगु-६ | थम्पू मावि विगु-६ | चरिमाया थामी | बाविके | गापा.अ. | करार |
| २० | सरस्वती प्रावि विगु-७ | थम्पू मावि विगु-६ | दुर्गाकुमारी भट्टराई | प्रा. | स्वीकृत | करार |
| २१ | भिरमुनी प्रावि विगु-३ | चित्रे मावि विगु-४ | सुशिलादाहाल आचार्य | बाविके | अनुदान | करार |
| २२ | शिवलिङ्गेश्वर बाविके विगु-२ | देवलिङ्गेश्वर मावि विगु-२ | सन्तोषी ठकुरी | बाविके | अनुदान | करार |
| २३ | सेतीदेवी बाविके विगु-२ | देउलाङखानी प्रावि विगु-२ | रस्माई तामाङ | बाविके | अनुदान | करार |

### ३) शैक्षिक सत्र, २०८३ मा गरिएको शिक्षक दरबन्दी मिलानको प्रगति विवरण

| क्र.सं. | हाल कार्यरत विद्यालयको नाम, ठेगाना | काजमा खटाइएको विद्यालयको नाम, ठेगाना | काजमा खटाइएको शिक्षकको नाम, थर | तह/श्रेणी | दरबन्दीको किसिम | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | गोँगरडाँडा प्रावि विगु-१ | गौरीशङ्कर मावि विगु-१ | धनलक्ष्मी तामाङ | बाविके | अनुदान | करार |
| २ | गोँगरडाँडा प्रावि विगु-१ | गौरीशङ्कर मावि विगु-१ | लालबहादुर तामाङ | का.स. | अनुदान | करार |
| ३ | ढुङ्गेश्वरी प्रावि विगु-४ | चित्रे मावि विगु-४ | सुब्बा केसी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ४ | ढुङ्गेश्वरी प्रावि विगु-४ | चित्रे मावि विगु-४ | सम्झना कार्की | प्रा./तृतीय | स्वीकृत | करार |
| ५ | ढुङ्गेश्वरी प्रावि विगु-४ | मानेडाँडा प्रावि विगु-६ | उर्मिला मुगराती | प्रा./तृतीय | अनुदान | करार |
| ६ | ढुङ्गेश्वरी प्रावि विगु-४ | ग्याल्सुङ प्रावि विगु-४ | हिराबहादुर कटुवाल | का.स. | अनुदान | करार |
| ७ | ढुङ्गेश्वरी प्रावि विगु-४ | | | बाविके | अनुदान | रिक्त |
| ८. | सरस्वती प्रावि विगु-५ | सेतीदेवी प्रावि विगु-५ | चमेली चर्मकार | बाविके | अनुदान | करार |
| ९ | सरस्वती प्रावि विगु-५ | | | का.स. | अनुदान | रिक्त |
| १०. | हिमालीदेवी प्रावि विगु-५ | मानेडाँडा प्रावि विगु-६ | कमलाकुमारी धामी | प्रा./तृतीय | स्वीकृत | स्थायी |
| ११ | जनता प्रावि विगु-५ | देवीटार मावि विगु-५ | दीर्घबहादुर विष्ट | प्रा./तृतीय | स्वीकृत | स्थायी |

**गणित, विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान कार्यान्वयनको अवस्था**

सङ्घीय सरकारबाट गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री खरिदका लागि प्रत्येक वर्ष एउटा विद्यालयको लागि रु. ५०,००० का दरले यस गाउँपालिकामा प्राप्त भई वितरण गरिएका कार्यक्रमसम्बन्धी विवरण देहायबमोजिम उल्लेख गरिएका छन्:

तालिका नं.-११

गणित,विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदानको कार्यान्वयन

| क्र.सं. | क्रियाकलाप | रकम (रु.मा) | आ.व. | कार्यक्रम वितरण गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | गणित,विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits)अनुदान | ५०,००० | २०७५/०७६ | कालिन्चोक मावि विगु-८ | |
| २. | गणित, विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits)अनुदान | ५०,००० | २०७६/०७७ | देवीटार मावि विगु-५ | |
| ३. | गणित ,विज्ञान र अङ्गेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits)अनुदान | ५०,००० | २०७७/०७८ | ठाडीदेउलाङ्ग आवि विगु-१ | |

**१)** गाउँपालिकामा सङ्घीय सरकारबाट उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान तथा तोकिएकोसूचकाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई विगतका आर्थिक वर्षहरुमा कार्यसम्पादनमा आधारित अनुदान शीर्षकमा प्राप्त कार्यक्रमको वितरणसम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

तालिका नं.-१२

सिकाइ सुदृढीकरण प्रोत्साहन अनुदान

| क्र.सं. | कार्यक्रम | रकम(रु.मा) | आ.व. | कार्यक्रम प्राप्त विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २,००,००० | २०७५/०७६ | श्री गौरीशंकर मावि विगु-१ | तुलनात्मक रुपमा सिकाइ उपलब्धि बढी रहेको विद्यालय छनोट गरिएको |
| २. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २,००,००० | २०७६/०७७ | श्री चित्रे मावि विगु-४ | |
| ३. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २,००,००० | २०७७/०७८ | श्री हिमालय मावि विगु-८ | |
| ४. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २,००,००० | २०७८/७९ | श्री चित्रे मावि विगु-४ | |
| ५. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | २,००,००० | २०७९/८० | श्री हिमालय मावि विगु-५ | |
| ६. | शैक्षिक व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई | ३,००,००० | २०८०/८१ | श्री थम्पू मावि विगु-६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यसम्पादनमा आधारित अनुदान | | | | |
| ७. | शैक्षिक व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | २,००,००० | २०८०/८१ | श्री चित्रे मावि विगु-४ | |

तालिका नं.-१३

कार्यसम्पादनमा आधारित अनुदान

| क्र.सं. | कार्यक्रम | रकम | आ.व. | कार्यक्रम प्राप्त विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७५/०७६ | हिमालय मावि विगु-८ | |
| २. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७५/०७६ | गौरीशंकर मावि विगु-७ | |
| ३. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७५/०७६ | थम्पु मावि विगु-६ | |
| ४. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७५/०७६ | चित्रे मावि विगु-४ | |
| ५. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७५/०७६ | देवलिङ्गेश्वर मावि विगु-२ | |
| ६. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७६/०७७ | गौरीशंकर आवि विगु-१ | |
| ७. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७६/०७७ | ठाडीदेउलाङ्ग आवि विगु-१ | |
| ८. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७६/०७७ | शारदा मावि विगु-३ | |
| ९. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७६/०७७ | नारायणी आवि विगु-४ | |
| १०. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७६/०७७ | कालिन्चोक मावि विगु-८ | |
| ११. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७७/०७८ | गोगनेश्वरी आविविगु-१ | |
| १२. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७७/०७८ | देउलाङ्खानी आवि विगु-२ | |
| १३. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७७/०७८ | ढुङ्गेश्वरी आवि विगु-४ | |
| १४. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७७/०७८ | देवीटार मावि विगु-५ | |
| १५. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७७/०७८ | देउढुङ्गा आवि विगु-७ | |
| १६. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७८/०७९ | लिङ्वा आवि विगु-४ | |
| १७. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७८/०७९ | बुलुङखानी आवि विगु-३ | |
| १८. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७८/०७९ | चिर्कुनथान नमुना आवि विगु-५ | |
| १९. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७८/०७९ | हिमखण्डे भुवनेश्वरी आवि विगु-५ | |
| २०. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७८/०७९ | मानेडाँडा आवि विगु-६ | |
| २१. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७९/०८० | देवीटार मावि विगु-५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७९/०८० | कालीदेवी प्रावि विगु-३ | |
| २३. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७९/०८० | सरस्वती प्रावि विगु-५ | |
| २४. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७९/०८० | जनता प्रावि विगु-५ | |
| २५. | कार्यसम्पादनमा आधारित अनुदान | ५०,००० | २०७९/०८० | हिमालीदेवी प्रावि विगु-५ | |

**२)** शासकीय प्रक्रियामा सुशासन, पारदर्शिता र सेवा प्रवाहमा प्रभावकारिताको बोध गराउन सकियो भने मात्रै जनविश्वास आर्जन भई शासकीय पद्धति र विकासात्मक गतिविधिहरुमा दिगोपना आउन सक्दछ । अतः यस गाउँपालिकाले विद्यालयबाट सञ्चालित गतिविधिहरुमा सुशासन तथा पारदर्शिता कायम गरी गुणस्तरीय शिक्षा विकासका लागि हरेक विद्यालयलाई सामाजिक परीक्षण, लेखापरीक्षण, सार्वजनिक सुनुवाइजस्ता सुशासनका औजारहरुको कार्यान्वियन गराउने र सोको कार्यान्वियन गरे नगरेको सम्बन्धमा निरीक्षण अनुगमन गर्ने गरिएको छ । यति हुँदाहुँदै पनि कतिपय विद्यालयका प्रधानाध्यापक र पदाधिकारीहरुको सजगताको अभाव, लापारबाही र कार्यक्रम कार्यान्वयनको प्रक्रिया मिलाउन नसक्ने जस्ता समस्याको कारण अत्यन्तै थोरै मात्रामा लेखापरीक्षणकोप्रतिवेदनमा बेरुजु समेत देखिएको अवस्था छ ।

**३)** प्रधानाध्यापकहरुको बैठक सम्बन्धमा

गाउँपालिकाको कार्यालयस्तरमा भए गरेका निर्णयहरु तथा संघ र प्रदेशबाट प्राप्त कार्यक्रम र परिपत्र तथा निर्देशनहरुको प्रसार गर्ने प्रयोजनार्थ विद्यालयका प्रधानाध्यापहरुको बैठक प्रायजसो मासिकरुपमा नै बोलाइने गरिएको थियो । विकट र सडकको अस्तव्यस्तताको अवस्थाको बाबजुद पनि करिब ९० प्रतिशतको हाराहारीमा प्रधानाध्यापकहरुको उपस्थिति भई देहायका विषयमा छलफल, अन्तर्क्रिया र अनुभवको आदानप्रदान हुने गरिएको थियोः

- विद्यालहरुको IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।
- शिक्षकहरुलाई विद्यालयमा नियमित उपस्थित गराउने तथा प्रभावकारी परिचालन ।
- विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि ।
- विद्यालय प्रशासन सञ्चालनको अनुभव आदानप्रदान ।
- शिक्षकको क्षमता विकास र पुनर्ताजकीकरण ।
- करार शिक्षक नियुक्ति र शिक्षक सरुवासम्बन्धी समस्याहरु ।
- विद्यालय सञ्चालनको क्रममा आइपर्ने साझा प्रकृतिका समस्याहरुको सम्बन्धमा छलफल र समाधानको खोजी ।
- गाउँपालिकाका शैक्षिक कार्यक्रमहरुको अभिमुखीकरण ।
- गाउँपालिकास्तरमा भए गरेका शैक्षिक निर्णयहरुको प्रसार ।
- संघ र प्रदेशस्तरबाट प्राप्त कार्यक्रमहरुको अभिमुखीकरण ।
- संघ र प्रदेशस्तरको निर्देशन, परिपत्र र सूचनाहरुको प्रसार लगायत ।

**४) अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान**

विद्यालयहरुमा विद्यमान विषयगत तथा तहगत शिक्षकहरुको अभाव पूर्तिका लागि सङ्घीय सरकारबाट यस गाउँपालिकालाई आ.व. २०८२/०८३ मा अङ्ग्रेजी,गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान उपलब्ध भएकोमा देहायबमोजिम कार्यान्वयन गरिएको छः

तालिका नं.-१४

अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान

| क्र.सं. | अनुदान प्राप्त विद्यालय | अनुदान कोटा | वार्षिक त.भ. रु. | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | देवलिङ्गेश्वर मावि विगु-२ | २ | ११५५९१४ | माध्यमिक | माध्यमिक तहमा १७ शिक्षक बराबरको शिक्षण सहयोग अनुदान प्राप्त |
| २ | शारदा मावि विगु-३ | २ | ११५५९१४ | माध्यमिक | |
| ३ | चित्रे मावि विगु-४ | ३ | १७३३८७१ | माध्यमिक | |
| ४ | हिमालय मावि विगु-५ | २ | ११५५९१४ | माध्यमिक | |
| ५ | थम्पू मावि विगु-६ | २ | ११५५९१४ | माध्यमिक | |
| ६ | गौरीशङ्कर मावि विगु-७ | ३ | १७३३८७१ | माध्यमिक | |
| ७ | देवीटार मावि विगु-५ | १ | ५७७९५७ | माध्यमिक | |
| ८ | कालिन्चोक मावि विगु-८ | २ | ११५५९१४ | माध्यमिक | |
| ९ | चित्रे मावि विगु-४ | १ | ४६१४९० | नि.मा. | निम्न माध्यमिक तहमा ५ शिक्षक बरारबरको शिक्षण सहयोग अनुदान |
| १० | देवीटार मावि विगु-५ | १ | ४६१४९० | नि.मा. | |
| ११ | कालिन्चोक मावि विगु-८ | १ | ४६१४९० | नि.मा. | |
| १२ | हिमखण्डेभुवनेश्वरी आवि विगु-५ | १ | ४६१४९० | नि.मा. | |
| १३ | ठाडीदेलाङ आवि विगु-१ | १ | ४६१४९० | नि.मा. | |
| जम्मा | | २२ | | | |

माथि तालिकामा उल्लिखित बमोजिमको अनुदान प्राप्त हुँदा शिक्षकको चरम अभाव खेपिरहेका विद्यालयहरुको लागि निकै नै सुखद कुरा हो। यद्यपि कार्यान्वयनको क्रममा अध्यापन अनुमति प्राप्त शिक्षकको पहुँच हुन नसकी कार्यक्रमको कार्यान्वयनमा ढिलाइ हुन गएको र गाउँ शिक्षा समितिको निर्णयानुसार कतिपय विद्यालयहरुमा विना अध्यापन अनुमतिपत्र नै शिक्षकहरुको नियुक्ति गरी कार्यक्रमको कार्यान्वयन गरिएको छ।

**५)** संघीय सरकारबाट प्राप्त ससर्त अनुदान कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम समेत गरी हाल देहायबमोजिमका विद्यालयहरुमा विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT Lab को सुविधा पुगेको छः

तालिका नं.-१५

विज्ञान प्रयोगशाला कार्यक्रम प्राप्त विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्राप्त कार्यक्रम | आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | चित्रे मावि विगु-४ | विज्ञान प्रयोगशाला | २०७५/०७६ | |
| २. | शान्ति आदर्श मावि विगु-४ | विज्ञान प्रयोगशाला | २०७६/०७७ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | देवलिङ्गेश्वर मावि विगु-२ | विज्ञान प्रयोगशाला | २०७७/०७८ | |
| ४. | गौरीशङ्कर मावि विगु-१ | विज्ञान प्रयोगशाला | २०७८/०७९ | |
| ५. | गौरीशङ्कर मावि विगु-७ | विज्ञान प्रयोगशाला | २०७९/०८० | |
| ६. | देवीटार मावि विगु-५ | विज्ञान प्रयोगशाला | २०८०/०८१ | |

तालिका नं.-१६

पुस्तकालय व्यवस्थापन कार्यक्रम प्राप्त विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्राप्त कार्यक्रम | आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | गौरीशङ्कर मावि विगु-१ | पुस्तकालय व्यवस्थापन | २०७४/०७५ | |
| २. | चित्रे मावि विगु-४ | पुस्तकालय व्यवस्थापन | २०७४/०७५ | |
| ३. | हिमालय मावि विगु-८ | पुस्तकालय व्यवस्थापन | २०७५/०७६ | |
| ४. | हिमालय मावि विगु-५ | पुस्तकालय व्यवस्थापन | २०७६/०७७ | |
| ५. | गौरीशङकर मावि विगु-७ | पुस्तकालय व्यवस्थापन | २०७७/०७८ | |
| ६. | देवलिङ्गेश्वर मावि विगु-२ | पुस्तकालय व्यवस्थापन | २०७८/०७९ | |
| ७. | शान्ति आदर्श मावि विगु-४ | पुस्तकालय व्यवस्थापन | २०७९/०८० | |

तालिका नं.-१७

**ICT** व्यवस्थापन कार्यक्रम प्राप्त विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | प्राप्त कार्यक्रम | आ.व. | कैफियत |
|---|---|---|---|---|
| १. | शान्ति आदर्श मावि विगु-४ | **ICT** व्यवस्थापन | २०७५/०७६ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको। |
| २. | देवलिङ्गेश्वर मावि विगु-२ | **ICT** व्यवस्थापन | २०७६/०७७ | |
| ३. | शारदा मावि विगु-३ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| ४. | गौरीशंकर मावि  विगु-१ | **ICT** व्यवस्थापन | २०७७/०७८ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको। |
| ५. | चित्रे मावि विगु-४ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| ६. | हिमालय मावि विगु-५ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| ७. | देवीटार मावि विगु-५ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| ८. | हिमालीदेवी आवि विगु-५ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| ९. | थम्पू मावि विगु-६ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |
| १०. | हिमालय मावि विगु-८ | **ICT** व्यवस्थापन | २०७७/०७८ | |

| | | | | |
|---|---|---|---|---|
| ११. | नारायणी आवि विगु-४ | **ICT** व्यवस्थापन | २०७८/०७९ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको |
| १२. | कालिन्चोक मावि विगु-८ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको। |
| १४. | गौरीशंकर मावि विगु-१ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| १५. | गौरीशंकर मावि विगु-७ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| १६. | देवलिङ्गेश्वर मावि विगु-२ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| १७. | शारदा मावि विगु-३ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| १८. | शान्ति आदर्श मावि विगु-४ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७८/०७९ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| १९. | श्री हिमखण्डे भुवनेश्वरी आवि विगु-५ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७९/०८० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| २०. | हिमालय मावि विगु-५ | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library | २०७९/०८० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत प्राप्त भएको |
| २१. | गौरीशङ्कर मावि विगु-१ | **ICT** तथा इ-पुस्तकालय व्यवस्थापन | २०८०/०८१ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको |
| २२. | शारदा मावि विगु-३ | **ICT** तथा इ-पुस्तकालय व्यवस्थापन | २०८१/०८२ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको |
| २३. | वितरण गर्न बाँकी | **ICT** तथा इ-पुस्तकालय व्यवस्थापन | २०८२/८३ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको (रु.१० लाख) |
| २४. | वितरण गर्न बाँकी | **ICT** तथा इ-पुस्तकालय व्यवस्थापन | २०८२/८३ | संघीय सरकारको ससर्त अनुदान मार्फत प्राप्त भएको (रु.१० लाख) |

### ६) शिक्षकको समयावधि (Teacher Time on Task-TST) सुधार कार्यक्रम

विद्यालयमा शिक्षकको समयावधि सुधार गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने लक्ष्यकासाथ आ.व. २०७५/०७६ मा ५ वटा, आ.व. २०७६/०७७ मा ५ वटा र आ.व. २०७७/०७८ मा २३ वटा गरी गाउँपालिकाका ३८ वटामध्ये ३३ वटा विद्यालयहरुमा शिक्षकको समयावधि सुधारकार्यक्रम लागु गरिएको भएतापनि यसको प्रभावकारी कार्यान्वयनमा अधिकांश शिक्षक तथा प्रधानाध्यापकहरुबाट अपेक्षित प्रयत्न हुन नससकेकोले आ.व. २०७८/०७९ मा यस कार्यक्रमलाई निरन्तरता दिन सकिएन भने चालु आ. व. २०८०/८१देखि यो अनुदान सङ्घीय सरकारबाट कटौति भएको छ।

**विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको स्थिति**

गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको शैक्षणिक समस्याहरुको पहिचान गरी समाधानका लागि सक्षम बनाउन, योजनाबद्ध शिक्षण गर्न, परिवर्तित सन्दर्भअनुसार शिक्षण गर्ने क्षमताको विकास गर्न तथा विश्व परिवेशमा विकास भएका नवीनतम्

प्रविधिलाई शिक्षणसिकाइमा प्रयोग गरी शिक्षामाथिको समुदायको लगानीलाई अर्थपूर्ण बनाउन सघाउने उदेश्यले विगत केही वर्षअघिदेखि नै स्थानीय तहस्तरमा विषयगत शिक्षक तालिमहरुको आयोजना तथा विद्यालय सुधार योजना निर्माण र शैक्षिक सूचना व्यवस्थापन सम्बन्धी तालिमहरु समेत प्रदान गर्दै आएकोमा चालु आ.व. २०८२/०८३ मा विगु गाउँपालिकाको सभाबाट विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत विकासका निम्ति बजेट विनियोजन नभएकाले शिक्षकको क्षमता विकास लगायतका कार्यक्रमहरु सञ्चालन हुन सकेको छैन । यद्यपि आगामी आ.व. २०८३/०८४ मा शिक्षकको पेसागत विकासका निम्ति गाउँसभाबाट बजेट विनियोजन गर्ने व्यवस्था मिलाई विद्यालय प्रशासन, विषयगत शिक्षण, शैक्षणिक योजना निर्माण, शिक्षणसिकाइमा नवप्रवर्तन लगायतका पक्षहरुमा सामयिक रुपमा तालिम तथा प्रशिक्षणहरु दिनुपर्ने हुन्छ । साथै आ.व. २०८२/०८३ मा सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानबाट नवप्रवेशी शिक्षकहरुका लागि आधारभूत शैक्षणिक सिप सिकाउने हेतुले विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयन गरियो ।

### ७. बाल विकास केन्द्रको अवस्था

विद्यालय जाने बानीको विकास गर्ने ध्येयकासाथ कार्यान्वयनमा ल्याइएका बाल विकास केन्द्रहरुको सन्दर्भमा यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा ३२ ओटा बालविकास केन्द्रहरु रहेका छन् । सबै सामुदायिक विद्यालयमा बालविकास केन्द्रको पहुँच नपुगेको सन्दर्भमा गाउँपालिकाले विद्यालय समायोजन तथा दरबन्दी मिलान गरी विद्यालय सङ्ख्या घटाएको हुँदा बालविकास केन्द्रको पहुँच नपुगेको विद्यालयमा बालविकास केन्द्रको व्यवस्थापन गर्ने प्रयास भएको छ । विद्यालयको दरबन्दी मिलानका क्रममा विद्यार्थी सङ्ख्या कम भएका विद्यालयको दरबन्दी कटौति गरी विद्यार्थी सङ्ख्या बढी भएका तथा माध्यमिक तहमा तोकिएका विषयमा दरबन्दी अपुग भएको अवस्थालाई मध्यनजर गरी गत शैक्षिक सत्र, २०८२ मा प्राथमिक तह सञ्चालित चारओटा सामुदायिक विद्यालयहरुको प्रथामिक तहको स्वीकृत दरबन्दी अरु सामुदायिक विद्यालयमा मिलान गरी उक्त विद्यालयहरुमा बालविकास केन्द्र मात्र सञचालन रहेकोमा शैक्षिक सत्र, २०८३ मा दरबन्दी मिलान हुँदा दुईओटा विद्यालयको बालविकास केन्द्र समेत कटौति गरी हाल बालविकास केन्द्र मात्र सञ्चालित विद्यालय दुईओटा रहेका छन् भने दुई ओटा बालविकास केन्द्र समुदायमा आधारित रहेका छन् ।

**तालिका नं.-१८**

**समुदायमा आधारित बाल विकास केन्द्र**

| क्र.सं. | बाल विकास केन्द्रको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | शिवलिङ्गेश्वर बाल विकास केन्द्र | विगु-२ | |
| ३. | ग्रामीण सामुदायिक स्वास्थ्य बाल विकास केन्द्र | विगु-३ | |

यस गाउँपालिका अन्तर्गत चार ओटा बालविकास केन्द्रहरु समुदायमा आधारित रहेकामा दरबन्दी मिलान गरी सेतीदेवी बालविकास केन्द्र विगु -२ लाई सोही वडामा सञ्चालित श्री देउलाङ्खानी प्रावि विगु-२ मा मिलान गरी व्यवस्थापन गरिएको छ भने विगु गाउँपालिका वडा नं. ८ मा सञ्चालित थामीचागु बालविकास केन्द्रलाई सोही वडामा सञ्चालित श्री जमुना प्राथमिक विद्यालय विगु-८ मा मिलान गरी व्यवस्थापन गरिएको छ । हाल सामुदायमा आधारित बालविकास केन्द्र माथि तालिकामा उल्लेख गरिएअनुसार २ ओटा मात्र छन् ।

**तालिका नं.-१९**

**बालविकास केन्द्र मात्र सञ्चालित सामुदायिक विद्यालय**

दरबन्दी मिलान तथा विद्यालय समायोजनका क्रममा शैक्षिक सत्र, २०८२ मा प्राथमिक तहको दरबन्दी कटौति भई देहायबमोजिम सामुदायिक विद्यालयमा बालविका केन्द्र मात्र सञ्चालन गरिएको थियोः

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | गोँगरडाँडा प्रावि | विगु-१ | |
| २ | कालिदेवी प्रावि | विगु-३ | |
| ३ | ग्यालसुङ प्रावि | विगु-४ | |
| ४ | सरस्वती प्रावि | विगु-५ | |
| ५. | जनता प्रावि | विगु-५ | शैक्षिक सत्र, २०८३ मा दरबन्दी मिलान गरी प्राथमिक तहको एकओटा स्वीकृत दरबन्दी कटौती गरिनुका साथै कक्षा समेत घटाइएकोमा बाविके मात्र सञ्चालन गरिएको |

माथि तालिकामा उल्लिखित चार ओटा सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र,२०८२ मा बालविकास केन्द्र मात्र सञ्चालन गरिएकोमा शून्य विद्यार्थी सङ्ख्याका कारण शैक्षिक सत्र, २०८३ मा श्री गोँगरडाँडा प्राथमिक विद्यालय विगु-१ मा सञ्चालित बालविकास केन्द्रलाई सोही वडामा सञ्चालित श्री गौरीशङ्कर माध्यमिक विद्यालय विगु-१ मा समायोजन गरी व्यवस्थापन गरिएको छ भने श्री सरस्वती प्राथमिक विद्यालय विगु-५ मा सञ्चालित बालविकास केन्द्रलाई सोही वडामा सञ्चालित श्री सेतीदेवी प्राथमिक विद्यालयमा समायोजन गरी व्यवस्थापन गरिएकोमा हाल शैक्षिक सत्र, २०८३ मा श्री कालिदेवी प्रावि विगु-३, श्री ग्याल्सुङ प्रावि विगु-४ र श्री जनता प्रावि विगु-५ सहित तीनओटा विद्यालयमा बालविकास केन्द्र मात्र सञ्चालन भएको अवस्था छ।

## ८. विद्यालय सुधार योजना निर्माण/सामाजिक परीक्षणको अवस्था

बालबालिकाको भविष्य निर्माणसँग प्रत्यक्ष सम्बन्ध रहने शिक्षा प्रणालीलाई सुदृढ गरी बालबालिकाको प्रभावकारी सिकाइलाई सुनिश्चित गर्नका निम्ति शिक्षण सिकाइका क्रियाकलापहरु व्यवस्थितरुपमा सञ्चालन गर्नुपर्ने हुन्छ र सोका लागि हरेक विद्यालयले अनिवार्य रुपमा विद्यालय सुधार योजना(SIP) निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ। अतः यस गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरी गाउँपालिकाको शिक्षा शाखामा पेस गर्ने गरेका पनि छन्। यद्यपि विद्यालय सुधार योजनाले सम्बन्धित विद्यालयहरुको वास्तविक समस्याहरु अपेक्षितरुपमा सम्बोधन नगरेको, दूरदृष्टि, उदेश्य र क्रियाकलापहरुको तादात्म्यता नमिलेको जस्ता समस्याहरु देखिएपछि विगुका विद्यालयसम्बद्ध सरोकारवालाहरुमा विद्यालय सुधार योजना निर्माण सिपको अभाव देखी स्थानीय गैरसरकारी संस्था (टुकी सिविन) को आर्थिक सहयोगमा वडा नं. ४ देखि ८ सम्मका विद्यालयहरुका प्रधानाध्यापक र विव्यस पदाधिकारीहरुलाई सम्बन्धित वडास्तरमै गएर गाउँपालिकाको तर्फबाट विद्यालय सुधार योजना निर्माण कार्यशालाको आयोजना गरिएकोमा बाँकी सम्पूर्ण विद्यालयहरुका सरोकारवालाहरुको निम्ति क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

## ९. कोभिड - १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि भएका कार्यक्रम तथा प्रयासहरु

वर्तमानमा सिङ्गो विश्वले सामना गरिरहेको भयावह महामारी कोभिड-१९ ले देशको पूरै शिक्षा प्रणाली लगायतका विगुका बालबालिकाको विद्यालय सिकाइमा पारेको अनपेक्षित र अतुलनीय क्षतिलाई न्यूनीकरण गर्दै बालबालिकामा पठन संस्कार कायम गरिराख्न सकियोस् भन्ने ध्येयकासाथ शैक्षिक सत्र, २०७७ मा देहायबमोजिमका प्रयासहरु गरिएको थियोः

- पालिका, जिल्ला र प्रदेश बाहिर घर भई पालिकाभित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई सम्बन्धित विद्यालयमा झिकाई कोभिड परीक्षणको व्यवस्था गरिएको ।
- जिल्ला शिक्षा विकास तथा समन्वय इकाइसँगको समन्वय र जिल्ला कोभिड संकट व्यवस्थापन समितिबाट विद्यालय सञ्चालनसम्बन्धमा भए गरेका निर्णयहरु समेतलाई हृदयङ्गम् गर्दै समुदाय र विद्यालयस्तरमा वैकल्पिक शैक्षणिक योजनाहरुको निर्माण र कार्यान्वयन ।
- भौगोलिक विकटता, प्रविधिको अभाव, अभिभावकको समष्टिगत चेतनाको स्तर, विद्यालयको क्षमता र शिक्षक तथा प्रधानाध्यापकहरुको दक्षता र तदारुकता समेतको आधारमा समुदायस्तरमा शिक्षणसिकाइ, विद्यार्थी क्रियाकलाप निर्धारण, वितरण, परीक्षण र पृष्ठपोषण प्रदान, फोनलाइन सिकाइ, शिफ्टगत सिकाइ आदि ।
- पालिकाबाट विद्यालयहरुलाई आवश्यक पर्ने स्वास्थ्य सामग्री र स्वअध्ययन सामग्रीको वितरण ।
- पालिकाबाट वैकल्पिक सिकाइको अनुगमन र पृष्ठपोषण लगायतका कार्यहरु ।

### १०. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको कक्षोन्नतिका लागि वार्षिक रुपमा गरिने निर्णयात्मक मूल्याङ्कनको अलावा उनीहरुको सिकाइको क्रममा भए गरेका कमिकमजोरीहरु पत्ता लगाई तत्कालै सुधार गरी व्यवहारमा परिवर्तन ल्याउनका निम्ति विभिन्न त्रैमासिक परीक्षाहरु, कक्षा कार्य, गृहकार्य र परियोजना कार्यहरु सञ्चालन गर्ने गरिन्छ । यद्यपि सबैजसो विद्यालयहरुमा परियोजना कार्यहरुमा धेरै जोड दिइएको पाइँदैन ।

साथै बालबालिकाको सिकाइको निरन्तररुपमा मूल्याङ्कन गरी सोको अभिलेखीकरण गर्ने पद्धतिको समेत विकास गर्नुपर्ने सन्दर्भमा विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गर्नका निम्ति पालिकास्तरमा शिक्षकहरुको विषयगत समूह बनाई सहकार्य गर्ने वातावरण गाउँपालिकाको शिक्षा शाखाले निर्माण गरेको छ भने मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न गाउँपालिकाबाट कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुका लागि मूल्याङ्कन फारामको व्यवस्था गरिनुकासाथै विद्यालयस्तरीय आवधिक परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि समेत पालिबाबाट बजेट विनियोजन भई कक्षा १० सम्म निःशुल्क रुपमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया अगाडि बढेको छ ।

### ११.छात्रवृति वितरण

प्रत्येक नागरिकको आधारभूत तहसम्मको शिक्षामा पहुँच सुनिश्चितताका लागि वर्तमान संविधानमा उक्त तहसम्मको शिक्षालाई अनिवार्य तथा निशुल्क हुने व्यस्थालाई हासिल गर्न सघाउ पुग्योस् भन्ने हेतुले यस गाउँपालिकामा सङ्घीय सरकारबाट चालु आ.व. २०८२/०८३ मा देहायबमोजिमका छात्रवृत्तिहरु उपलब्ध हुने गरी शिक्षातर्फ वित्तीय हस्तानतरण गरेको छः

- कक्षा १- ५ सम्मका लागि छात्रा छात्रवृत्तिः प्रत्येक छात्राका लागि जनही रु.४०० का दरले ।
- कक्षा १-५ सम्मका लागि दलित छात्रवृत्तिः प्रत्येक दलित छात्रछात्राका लागि जनही रु.४०० का दरले ।
- कक्षा १-५ सम्मका लागि सीमान्तकृत छात्रवृत्तिः प्रत्येक थामी समुदायका छात्रछात्राका लागि जनही रु. ५०० का दरले ।
- कक्षा १-१२ सम्मका लागि अपाङ्ग छात्रवृत्तिः अपाङ्गताको वर्गअनुसार (न्यूनतम् घ वर्गका लागि प्रतिविद्यार्थी रु. १००० का दरले ।
- कक्षा ६-१२ सम्मका लागि वार्षिक रु. ६००० का दरले विपन्न लक्षित छात्रवृत्ति ।

उपर्युक्त बमोजिमको छात्रवृत्ति वितरण गर्दा सरकारी स्रोतको अनावश्यक दोहोन पनि नहुने (दोहोरो नपर्ने गरी) र लक्षित विद्यार्थी पनि लाभान्वित हुने गरी गाउँपालिकाको शिक्षा शाखाबाट देहायका कार्यहरु गर्ने गरिएको छः

- छात्रवृत्ति वितरण सम्बन्धमा विद्यालयलाई आवश्यक निर्देशन ।

- प्रधानाध्यापकको बैठकमा छात्रवृत्ति वितरणसम्बन्धी नीति, नियमहरुको जानकारी प्रदान।
- हरेक वर्ष विद्यालयहरुले अद्यावधिक गरेको IEMIS अनुसारको विद्यार्थी तथ्याङ्कको अध्ययन।
- दोहोरो नपर्ने गरी विद्यालयको खातामा रकम निकासा।
- विद्यालयले छात्रवृत्ति वितरणको भरपाई शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्ने अनिवार्यता आदि।

**१२. दिवा खाजा कार्यक्रम कार्यान्वयन**

विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य सुरक्षामाथि मध्यनजर गर्दै विगत केही वर्षदेखि बालिविकास तथा शिक्षादेखि कक्षा ५ सम्मलाई लक्षित गरी सङ्घीय सरकारबाट हरेक विद्यार्थीलाई प्रतिदिन रु. २० का दरले वार्षिक १८० दिनमा हुन आउने रु. २७०० को हिसाबले गाउँपालिकामा प्राप्त रकमलाई देहायका ढाँचामा कार्यान्वयन गर्ने गरिएको छः

- विद्यालयले अभिवाकसँगको छलफल र सहमतिमा विद्यालयमै खाजा बनाएर खुवाउन सकिने।
- विद्यालयमा खाजा बनाएर दिने जनशक्तिको अभाव, व्यवस्थापकीय समस्या हुने विद्यालयहरुमा अभिभावकलाई नै खाजाको रकम उपलब्ध गराउने।
- विद्यालयले नै खाजा बनाएर खुवाउँदा खाद्यटोकरी र साप्ताहिक खाजा वितरण तालिका निर्माण गरी सोही बमोजिम गर्नुपर्ने व्यवस्था।
- विद्यालयले अभिभावकलाई रकम उपलब्ध गराएमा अभिभावकले दिई पठाएको खाजामा गुणस्तर भए नभएको अवलोकन।
- जुनसुकै ढाँचामा खाजाको व्यवस्थापन गरिए तापनि पत्रु खानालाई पूर्णरुपमा निषेध गरिएको।

यस गाउँपालिकामा आ.व. २०८२/ ८३ का लागि प्राप्त दिवा खाजा कार्यक्रमबाट प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका बालबालिकाहरु लाभान्वित भएका छन्। दिवा खाजा कार्यक्रमको मर्मअनुरुप खाजामा गुणस्तरीयता कायम गर्नका निम्ति सम्बन्धित विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुबाट उचित भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

१३.**प्राविधिक शिक्षा**

यस गाउँपालिकाअन्तर्गतका कुनै पनि विद्यालयमा प्राविधिकधार सञ्चालनमा रहेको छैन भने सिटीइभिटीबाट सम्बन्धन प्राप्त गरी शैक्षिक सत्र २०७७ बाट सिभिल इन्जिनियरिङ विषयमा एउटा बहुप्राविधिक विद्यालय गाउँपालिकाको मुख्य बजार सिङ्गटीमा सञ्चालन भइरहेको छ।

**१४. स्थानीय तहले अन्तरिक स्रोत अन्तर्गत सञ्चालित  कार्यक्रमहरु तथा  उपलब्धि**

बालबालिकाको शिक्षा प्राप्त गर्ने मौलिक हकको प्राप्तिका साथै स्वस्थ शारीरिक विकासमा थप सहजता होस् भन्ने हेतुले आ.व. २०८२/०८३ का लागि गाउँपालिकाको आन्तरिक स्रोतबाट शिक्षा, युवा तथा खेलकुदसम्बन्धी देहायबमोजिमका कार्यक्रमहरुको व्यवस्था गरिएको थियोः

**तालिका नं.-२०**

**विगु गापाको सभाद्वारा विनियोजित शैक्षिक कार्यक्रम कार्यान्वयन योजना आ.व. (२०८२/०८३)**

| सि नं | क्रियाकलाप | वार्षिक बजेट |
|---|---|---|
| १ | प्रारम्भिक बालबिकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी थप तलबभत्ता व्यवस्थापन अनदान | ४२५०५०० |
| २ | राष्ट्रपति रनिङ शिल्ड जिल्ला स्तरीय प्रतियोगिता | ७५०००० |
| ३ | राष्ट्रपति रनिङ शिल्ड पालिका स्तरीय प्रतियोगिता | ४५०००० |
| ४ | विद्यालयस्तरीय परीक्षा सञ्चालन ताथ व्यवथापन | ५००००० |
| ५ | कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा भ्रमण खर्च | ५००००० |
| ६ | आवासीय विद्यालय छात्रावास विकास  कार्यक्रम | ३०००००० |
| जम्मा | | ९४५०५०० |

## परिच्छेद–५

## असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरू

५.१ असल अभ्यास

शैक्षिक क्षेत्रमा गाउँपालिकाले गरेका देहायका क्रियाकलापहरुलाई असल अभ्यासको रुपमा लिन सकिन्छः

- शिक्षक दरबन्दी कम भएका विद्यालयहरुको लागि दरबन्दी मिलान गरी  शिक्षक व्यवस्थापन गरिएको।
- विद्यालय सुधार योजना निर्माण सम्बन्धमा पालिकाले छुट्टै ढाँचा निर्माण गरी वडास्तरमा विद्यालयका सरोकारवालाहरुलाई प्रशिक्षण प्रदान गरिएको।

- विषयगत र तहगतरुपमा हरेक वर्ष शिक्षकहरुको गाउँपालिकास्तरमा भेला गरी शैक्षणिक समस्याको बारेमा पारस्परिक अन्तरक्रिया गर्ने वातावरणको निर्माण, सम्बन्धित विषय र तहका जिल्लाकै प्रतिष्ठत विशेषज्ञहरु झिकाएर क्षमता विकास कार्यक्रम सञ्चालन तथा तालिम प्रदान गर्ने गरिएको।
- हरेक महिना नियमितरुपमा प्रअ बैठक राखी विद्यालय सञ्चालन र शैक्षिक समस्याको बारेमा छलफल, समाधानका उपायहरुको खोजी र एकापासमा अनुभवको आदानप्रदानगराउने गरेको।
- विद्यालयहरुमा रिक्त हुने शिक्षक दरबन्दीमा करारमा शिक्षक नियुक्ति गर्दा बढीभन्दा बढी प्रतिस्पर्धात्मक बनाई 'हाम्रो होइन राम्रो मान्छे' लाई नियुक्तिका लागि सिफारिस गर्ने संस्कारको विकास गरेको।
- संघीय, प्रादेशिक तथा गाउँपालिकास्तरीय शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियन भए नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी सुधारात्मक सुझावहरु प्रदान गर्ने गरिएको ।
- विद्यालय निरीक्षण गर्दा व्यवस्थापकीय र प्रशानिक पक्षको निरीक्षणको अलावा कक्षाकोठामा प्रवेश गरी बालबालिकासँग अन्तरक्रिया गरी प्रोत्साहन तथा प्रेरणा प्रदान गर्ने गरिएको ।
- विद्यालय भवनको पुनःसंरचना, शौचालनय निर्माण, विद्यालयको घेराबार र विद्यालय सुधार योजना निर्माण लगायतका कार्यमा स्थानीय क्षेत्रमा कार्यरत गैरसरकारी संस्था टुकी सिविनसँग सहकार्य गरेको।

### ५.२ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू

गाउपालिकाभित्र सञ्चालन गरिएका समग्र कार्यक्रमहरुको प्रमुख उपलब्धिलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

- विद्यालय भवन पुनःसंरचित हुँदा पर्याप्त मात्रामा कक्षाकोठाको निर्माण भई कक्षा सञ्चालन गर्न सहज भएको।
- शौचालय निर्माणको कार्यले विद्यालय वातावरणलाई स्वस्थ, सफा र सुग्घरिलो राख्ने कार्यमा सघाउ पुगेको।
- विद्यालयमा घेराबार निर्माण हुँदा बालबालिकाका लागि सुरक्षित र शान्त वातावरणको निर्माण भएको।
- दिवा खाजाको व्यवस्थाले गर्दा बालबालिकाको स्वास्थ्य अवस्थामा सुधार हुनुका साथै विद्यालयमा बालबालिकाको भर्ना, उपस्थिति र टिकाउ दर वृद्धि भएको।
- स्यानिटरी प्याडको व्यवस्थाले विद्यालयका किशोरीहरुले महिनावारीको समस्यालाई सहजढंगबाट व्यवस्थापन गर्न सफल भएको।
- सङ्घीय र प्रादेशिक सरकारबाट न्यून तथा शून्य दरबन्दी भएका विद्यालयहरुका लागि शिक्षण सहयोग अनुदान प्राप्त हुँदा शिक्षकको चरम अभाव खेपिरहेका विद्यालयहरुलाई केही हदसम्म भए पनि राहत मिलेको।
- पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला र सूचना प्रविधि लगायतका कार्यक्रमहरुको कार्यान्वयनबाट विद्यालयहरु शैक्षणिक स्रोत सम्पन्न भई उपयुक्त सिकाइमैत्री वातावरण निर्माण हुनुका साथै कार्यक्रम प्राप्त विद्यालयहरुलाई आफ्ना बालबालिकाको शिक्षणसिकाइलाई नवप्रवर्तनात्मक बनाउने अवसर मिलेको।
- शिक्षणसकाइमा समयावधि सुधार योजनाको कार्यान्वयनबाट शिक्षकहरुलाई समयबद्ध गराउन मनोवैज्ञानिक दबाब सिर्जना भएको।
- विभिन्न शीर्षकमा प्राप्त छात्रवृत्तिले बालबालिकालाई सिकाइमा स्वप्रेरित हुन थप प्रोत्साहन मिलेको।
- गाउँपालकाबाट विनियोजित क्षमता विकासका कार्यक्रमहरुको सञ्चालनबाट शिक्षकहरुमा आत्मविश्वासको बढोत्तरी भएको।
- विद्यालय सुधार योजना निर्माणसम्बन्धी प्रशिक्षणले गर्दा विद्यालयहरुले 'राम्रो होइन, हाम्रो विद्यालय सुधार योजना' निर्माण गर्न सक्ने गरी क्षमता विकास भएको।

- खेलकुदसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनले पालिकाभित्रका खेल प्रतिभाहरुको पहिचान गरी विकासको योजना निर्माण गर्न पृष्ठपोषण प्राप्त भएको ।
- पालिकाभित्र विकास गरिएका खेलाडीहरुलाई जिल्लाका अन्य छिमेकी पालिकाका खेलाडीहरुसँग पनि प्रतिस्पर्धा गर्ने अवसर मिल्नुका साथै खेलाडीहरुमा थप अभिप्रेरणा प्राप्त भएको ।
- स्थानीय खेलप्रेमीहरुलाई खेलकुदसम्बन्धी क्लबहरुको स्थापना र विकास गर्न प्रेरणा मिलेको आदि ।

**५.३ चुनौती तथा समाधानका लागि गरिनुपर्ने प्रयासहरू**

गाउँपालिकाका समग्र शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका चुनौती तथा ती चुनौतीहरुलाई सही ढङ्गबाट सम्बोधन गर्दै शैक्षिक सुशासन सहितको गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि अवलम्बन गर्नुपर्ने उपायहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छः

❖ **चुनौती**

- राजनीतिक स्वार्थ र शैक्षिक गुणस्तरका बीच तादात्म्यता कायम गर्नु ।
- स्थानीयरुपमा गठित शिक्षक महासङ्घलाई आफ्नो विशुद्ध पेसागत हकहित र शैक्षिक गुणस्तर सुधारका सम्बन्धमा रचनात्मक प्रयासहरु गर्ने कार्यमा मात्रै सीमित बनाउनु ।
- जिल्लाकै सबैभन्दा कमजोर शैक्षिकस्तर रहेको गाउँपालिकाको शैक्षिक स्थितिलाई उकास्नका निम्ति कार्यरत शिक्षकलाई पूर्णरुपमा अनुशासित, पेसाप्रति भित्रैदेखि स्वप्रेरित, इमानदार र कर्तव्यनिष्ठ बनाई हरेक विद्यालयमा उपयुक्त शिक्षणसिकाइको माहोल ल्याउनु ।
- शिक्षकमा कार्य संस्कार र विद्यार्थीमा पठन संस्कारको विकास गर्नु नै विगुको लागि ठूलो चुनौती हो ।
- स्थायी र करार दुवै प्रकृतिका शिक्षकहरुको सरुवा खुला गरिँदा जिल्लाकै दुर्गम गाउँपालिका भएकाले पालिका बाहिरका शिक्षकहरु सरुवा हुने अवसरको खोजी गरिरहनु र त्यस्ता शिक्षकहरुमा स्थिररुपमा यही पालिकामा टिकिराख्ने मानसिकता नहुनु नै शैक्षिक स्तर सुधार नहुनुको मुख्य समस्या हो । यो समस्याको निकासा कसरी गर्ने भन्ने अर्को चुनौती हो ।
- विद्यालय सुधार योजना निर्माणमा हाल विद्यमान 'हाम्रो होइन, राम्रो विद्यालय सुधार योजना' निर्माण गर्ने संस्कारलाई पूर्णरुपमा अन्त्य गर्दै 'राम्रो होइन, हाम्रो विद्यालय सुधार योजना' निर्माण गरी विद्यालयको वास्तविक समस्या तथा आवश्यकतामा आधारित बनाउनु ।
- जनप्रतिनिधि र कर्मचारीको बीच एउटै साइकलका दुई पाङ्ग्राहरुको जस्तै सहकार्यात्मक र सुमधुर सम्बन्ध कायम गर्नु ।
- कोभिड-१९ ले ल्याएका शिक्षणसिकाइमा नवीनतम् प्रविधिलाई संस्थागत गर्दै विश्वव्यापी रुपमा असङ्ख्य प्रविधिहरुको उपयोग गरी नवप्रवर्तनात्मक शिक्षणसिकाइको सुनिश्चित गर्नु ।

❖ **अबको बाटो**

काम गर्ने क्रममा समस्याहरु आउनु, चुनौतीहरु देखा पर्नु समस्या होइनन्, जति-जति काम गर्दै अघि बढिन्छ, समस्या र चुनौतीहरु पनि उति नै बढ्दै जाने हुन्छ । अतः समस्या र चुनौतीलाई समस्याको रुपमा नभई अवसरको रुपमा लिई अघि बढ्नु नै सफलताको मुख्य कडी हो । अतः यस गाउँपालिकाका माथि उल्लिखित र उल्लेख गर्न छुटिएका अन्य समस्याहरु समाधान गर्दै सुशिक्षित र सभ्य विगु निर्माणका लागि आगामी प्रयासहरु देहायका पक्षहरुमा केन्द्रित हुनुपर्ने देखिन्छः

- सर्वप्रथम यस गाउँपालिकामा सुस्ताएको शैक्षिक गतिविधिलाई अभिवृद्धि गरी बालबालिकाको सिकाइलाई सहज बनाउनका निम्ति तत्कालै जनप्रतिनिधि, शिक्षा शाखाका कर्मचारी र प्रधानाध्यापक तथा शिक्षकहरु समेतको

सहभागितामा गाउँपालिकास्तरमा वैकल्पिक शैक्षणिक रणनीतिसहितको योजना निर्माण गर्ने र सम्बन्धित विद्यालयहरुले स्थानीकरण गरी विद्यालयमा उपलब्ध शिक्षक, स्रोत, भौतिक सुविधा र भौगोलिक अवस्था समेतको आधारमा योजना निर्माण गरी कार्यान्वयन गर्ने।

- शैक्षिक गुणस्तर र सुशासन कायम गर्दै स्थानीय समुदायको शैक्षिक अभिलाषा पूरा गर्नका निम्ति राजनीतिक स्वार्थ र विद्यालयको हितबीच सन्तुलन कायम गर्ने।
- 'अनुशासन नै सिकाइको तयारी हो' भन्ने भाष्यलाई मनन गर्दै नेतृत्व तहबाटै अनुशासनको नमुनाको रुपमा प्रस्तुत हुने। शिक्षक अनुसासित भयो भने विद्यार्थी स्वतः अनुशासित हुन्छन् र विद्यार्थी अनुशासित हुनु भनेको सिक्नका लागि तयारी हुनु हो।
- स्थानीय शिक्षक महासङघका गतिविधिहरुलाई विशुद्ध पेसागत हक हितभन्दा बाहिर जान नदिने,शिक्षक महासङ्घको एकीकृत तथा सामूहिक उर्जालाई विगुको कमजोर शैक्षिक स्तर सुधार्नेतर्फ परिचालन गर्ने।
- गैरसरकारी संस्थाहरुले गाउँपालिकाभित्रका विद्यालयहरुमा कार्यान्वयन गर्ने कार्यक्रमहरु गाउँ शिक्षा शाखासँगको समन्वयमा मात्रै तर्जुमा गर्ने व्यवस्था मिलाउने त्यसो हुँदा शैक्षिक कार्यक्रमहरुमा दोहोरोपनाको समस्या नभई थप प्रभावकारी बन्दछ।
- करार शिक्षक छनोटको वर्तमान पद्धतिलाई निरन्तरता दिने, साथै करारमा नियुक्त शिक्षक सम्बन्धित विद्यालयमा करार गरेर नियुक्त गरिने हुँदा त्यस्तो शिक्षक सरुवा हुन नपाइने गरी गाउँ शिक्षा समितिले निर्णय गर्ने, त्यसो हुँदा ती शिक्षकहरुमा स्थायी भई अन्यत्र नगइन्जेल सोही विद्यालयमा रहिरहनुपर्ने कुरा बोध भई कार्यसम्पादनमा लगाव बढ्न सक्दछ।
- शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन गर्दा सरोकारवालाहरु सबैसँग पर्याप्त छलफल गर्ने, सहभागितामूलक निर्णय गर्ने, विद्यालयको सर्वोपरि हितमा जोड दिने, हरेक कामकारबाहीमा पारदर्शिता अपनाउने।
- शिक्षकहरुको ज्ञानलाई सामयिकरुपमा अद्यावधिक गर्न, शैक्षणिक दक्षताको विकास गर्न र प्रधानाध्यापकहरुको क्षमता विकास गर्नका निम्ति कम्तीमा वर्षको एकपटक विषयगत र तहगत शिक्षकहरुबीच अन्तरक्रिया गर्ने वातावरण मिलाउने, क्षमता विकास तालिम तथा कार्यशालाहरु सञ्चालन गर्ने।
- जनप्रतिनिधि र कर्मचारीबीच साइकलको दुई पाङ्ग्राको जस्तै समन्वयात्मक र सहाकार्यात्मक सम्बन्ध कायम गर्ने।

## अनुसूचीहरुः

विगु गाउँपालिका

लादुक, दोलखा

विद्यालयहरुको सम्पर्क विवरण

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | प्रअको नाम, थर | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गौरीशङ्कर प्रावि बिगु-१ | ०-५ | तिलक आचार्य | ९८४४२८८८७८ |
| २ | गोगनेश्वरी प्रावि बिगु-१ | ०-५ | शोभादेवी चौलागाईं | ९८४४४०६३३० |

| | | | | |
|---|---|---|---|---|
| ३ | ठाडीदेउलाङ्ग प्रावि बिगु-१ | ०-७ | सुरेन्द्रराज बुढाथोकी | ९८४९६८२२७८ |
| ४ | गौरीशङ्कर मावि बिगु-१ | ०-१२ | हिरामणि गौतम | ९८६४००२११० |
| ५ | देउलाङ्गखानी प्रावि बिगु-२ | ०-५ | पवित्रा आचार्य दाहाल | ९८६३३२३१६२ |
| ६ | देवलिङ्गेश्वर मावि बिगु-२ | ०-१० | कैलाश खड्का | ९८६९७२८०५१ |
| ७ | शारदा मावि बिगु-३ | ०-१० | कुमार श्रेष्ठ | ९८६१६५२६३२ |
| ८ | भिरमुनी प्रावि बिगु-३ | ०-३ | सृजना खड्का | ९८६०९२१९५९ |
| ९ | चित्रे मावि बिगु-४ | ०-१० | गणेश उप्रेती | ९८६४११०७८७ |
| १० | नारायणी प्रावि बिगु-४ | ०-५ | सरस्वती खतिवडा | ९८४३८२८३७२ |
| ११ | लिङ्वा प्रावि बिगु-४ | ०-३ | सुमन कटुवाल | ९८६४११००५९ |
| १२ | शान्ति आदर्श मावि बिगु-४ | ०-१२ | सुदिपकुमार खड्का | ९८६४००११०८ |
| १३ | हिमालीदेवी प्रावि बिगु-५ | ०-५ | अमर श्रेष्ठ | ९८४४३००१६६ |
| १४ | हिमखण्डे भुवनेश्वरी आवि बिगु-५ | ०-८ | सोना साङ्बो शेर्पा | ९८४४४२८११० |
| १५ | देवीटार मावि बिगु-५ | ०-१० | श्रीकृष्ण केसी | ९८६४००१११८ |
| १६ | कैलेश्वरी प्रावि बिगु-५ | ०-३ | कालिका बयलकोटी | ९८६४००२५५७ |
| १७ | सेतिदेवी प्रावि बिगु-५ | ०-४ | ताराबहादुर खड्का | ९८४४२३४६२१ |
| १८ | हिमालय मावि बिगु-५ | ०-११ | उमेश शिवाकोटी | ९८६३६३७१७६ |
| १९ | मानेडाँडा प्रावि बिगु-६ | ०-३ | उर्मिला मुङराती | ९७६३५८००८८ |
| २० | जन प्रावि-६ | ०-३ | नरबहादुर थामी | ९८४३५००२७८ |
| २१ | थम्पू मावि बिगु-६ | ०-१० | तुलसी थामी | ९८४१४३३४७५ |
| २२ | सरस्वती प्रावि बिगु-७ | ०-५ | प्रविन केसी | ९८६४२३४६६९ |
| २३ | देउढुङ्गा प्रावि बिगु-७ | ०-५ | रञ्जित कुमार साह | ९८६४६८०६५५ |
| २४ | गौरीशङ्कर मावि बिगु-७ | ०-१० | पेमाठिलेन शेर्पा | ९८६४५३७७२० |
| २५ | जमुना प्रावि बिगु-८ | ०-३ | | |
| २६ | कालिन्चोक मावि बिगु-८ | ०-१० | सुन्दरप्रकाश पाण्डे | ९८६४००३३५६ |
| २७ | हिमालय मावि बिगु-८ | ०-१२ | विजय कुमार सिंह | ९८६१४०९३७५ |
| २८ | टासीछिमे गाछल गुम्बा प्रावि विगु-७ | ०-८ | टसिडोमा शेर्पा | ९८४४३२२४१२ |